'समानता, स्वाभिमान र अवसर–बस्नयोग्य बुटवल सहर'

# बुटवल उपमहानगरपालिका

नगर सभाको १५औं अधिवेशनमा

प्रमुख श्री खेलराज पाण्डेयद्वारा

प्रस्तुत

नीति तथा कार्यक्रम

२०८१ असार ५ गते

बुटवल, रुपन्देही

बुटवल उपमहानगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र नगरसभा सदस्यज्यूहरु,

बैठकलाई व्यवस्थित बनाउन खटिएका राष्ट्रसेवक कर्मचारीहरु,

र, पत्रकार एवम् सञ्चारकर्मी मित्रहरु ।

सर्वप्रथम बुटवल उपमहानगरपालिकाको १५औं अधिवेशनमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु ।

बुटवल उपमहानगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा मैले गौरवको महसुस गरेको छु ।

यस अवसरमा म नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र परिवर्तनका लागि विभिन्न कालखण्डमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात शहीदहरु प्रति भावपूणर् श्रद्धाञ्जली अर्पण गर्दछु ।

साथै, राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने श्रद्धेय नेताहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

२०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय बुटवलबासी आमा, बुवा, दाजुभाई, दिदीबहिनीलगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु । सम्पूणर् बुटवलबासीको माया, प्रेम, सद्भाव र विश्वासले बुटवलजस्तो ऐतिहासिक र महत्वपूणर् उपमहानगरपालिकाको नगर प्रमुख भई यहाँको सेवा, विकास र समृद्धिका लागि अवसर पाउनुलाई मैले आफ्नो जीवनको अत्यन्त महत्वपूणर् क्षण मानेको छु । यसका लागि सबै तहबाट हरकिसिमका सहयोग गर्नुहुने सबैजनाप्रति हार्दिक आभार र धन्यवाद प्रकट गर्न चाहन्छु ।

आज हामी जहाँ जुन अवस्थामा छौं, यसमा नेतृत्वको परिपक्वता र राजनीतिक दलहरुको सहमति र जनताको विश्वासकै कारण हो भन्ने यथार्थलाई सदैव मनन गर्न जरुरी छ ।

आदरणीय नेताज्यूहरुकै अगुवाई, राजनीतिक दलहरुको सहमति र जनताको बलमा मुलुकमा ऐतिहासिक परिवर्तन भएको तथ्य र यथार्थलाई हामीले कहिल्यै भुल्नुहुँदैन ।

उपस्थित महानुभावहरु,

हामी निर्वाचित भएको दुई वर्ष पूरा भइसकेको छ । हामीले निर्वाचनमा गरेका वाचा र संकल्प सधै सम्झिरहेका छौं । तीनै वाचा र संकल्प पूरा गर्ने उदेश्यका साथ इमान्दारीपूर्वक निरन्तर नगरको काममा खटिइरहेका छौं । कार्यभार सम्हालेको दोश्रो वर्ष पूरा हुँदै गर्दा यसक्रममा लिएका नीतिगत तथा सुधारात्मक उपायको परिणामस्वरुप सकारात्मक नतिजा देखिन थालेको छ ।

बुटवलको सुशासन, विकास र समृद्धिका लागि नेपालको संविधान तथा संघ, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध रहेका छौं ।

तथापि, संघ, प्रदेश र स्थानीय तहको लागि आवश्यक पर्ने स्रोतहरुको पहिचान, बाडफाँड, खर्च, सोको अभिलेख, लेखा परीक्षण तथा स्थानीय, प्रदेश  र संघको संचित कोषको व्यवस्थापन कार्यको समष्टिका रुपमा रहेको वित्तीय संघीयतालाई बलियो बनाउनका लागि आवश्यक कार्य भएका छैनन् । राजनीतिक अस्थिरताका कारण संघ र प्रदेश सरकार पटकपटक हेरफेर हुँदा संविधानबमोजिम एकल तथा साझा अधिकारहरुको प्रयोगको लागि उपयुक्त वातावरण बनिरहेको छैन ।

स्थानीय सरकारको मूल समस्याका रुपमा रहेको सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँच र लालपूर्जा वितरण अलमलमा रहेको छ । बुटवल उपमहानगरपालिकाभित्र नापजाँच गर्नुपर्ने क्षेत्रमा नापजाँच भइसकेर नगरले भूमि आयोगमा सिफारिश गरिसकेको भएपनि लालपूर्जा वितरण हुन सकेको छैन ।  जग्गा नापजाँच गर्दा सबै खर्च स्थानीय सरकारले बेहोर्नुपर्ने तर राजश्व संघीय सरकारले मात्रै प्राप्त गर्ने हुँदा अव्यवस्थित बसोबासीलाई लालपूर्जा वितरण गर्दा लिइने राजश्वको दर ५० प्रतिशत घटाउन र त्यसको ६० प्रतिशत हिस्सा स्थानीय सरकारलाई दिने व्यवस्था मिलाउनका लागि संघीय सरकारसँग हाम्रो माग रहेको छ ।

यस्तै, वन र चुरे क्षेत्रमा नदीजन्य पदार्थ भरिएर कैयौं बस्तीहरु जोखिममा रहेका छन् । उक्त क्षेत्रको नदीजन्य पदार्थ तथा दहत्तर बहत्तर प्रदेश सरकार र वन कार्यालयहरुको सहमतिमा प्राकृतिक रुपमा क्षति नहुने गरी उत्खनन् तथा व्यवस्थापन गर्नुपर्ने देखिन्छ । सो क्षेत्रको नदीजन्य पदार्थ र दहत्तर बहत्तर उत्खननको अधिकार स्थानीय सरकारलाई प्रदान गरी ६० प्रतिशत राजश्व स्थानीय सरकारले राख्न सक्ने गरी व्यवस्था गर्नका लागि प्रदेश सरकारसँग हाम्रो माग रहेको छ ।

कर्मचारी सम्बन्धी ऐनअनुसार स्थानीय तहमा विभिन्न समयमा विविध सेवामा कार्यरत कर्मचारी आवश्यकताअनुसार प्रदेशमा समायोजन हुनसक्ने व्यवस्था गर्न पनि म प्रदेश सरकारसँग अनुरोध गर्न चाहन्छु ।

यस्ता, धेरै अधिकारहरुमा स्थानीय सरकारलाई बाहिर राख्दा अपेक्षित राजश्व संकलन हुन सकिरहेको छैन । साझा अधिकारहरुको प्रयोग र तीनको कार्यान्वयनको लागि तयार गर्नुपर्ने कानुनहरु समयमा बन्न नसकेका कारण संघीयता कार्यान्वयन र विशेषगरी वित्तीय संघीयताको विषय जटिल र पेचिलो बनेको छ ।

संघीयताको मर्मअनुसार संघले ठूला पूर्वाधार र नीति निर्माणको जिम्मेवारी लिने, प्रदेशले विकास निर्माणको क्षेत्रमा मझौला र अन्तरप्रदेश सम्बन्धी विकास आयोजना केन्द्रित कार्यहरु गर्ने तथा स्थानीय तहले सेवा प्रवाह र स्थानीय पूर्वाधारको जिम्मेवारी लिनुपर्ने हो । संघ सरकारले आर्थिक र प्रशासनिक अधिकार स्थानीय सरकारलाई हस्तान्तरण गर्न आवश्यक रहेको छ ।

तर, संघ र प्रदेशले स्थानीय सरकारका अधिकार र राजश्वको श्रोतमाथिको अधिकारलाई संकुचन गर्दा स्थानीय सरकारले संविधानले प्रदान गरेका अधिकार पनि उपयोग गर्न सकिरहेका छैनन् । संघ र प्रदेश सरकारले स्थानीय संयन्त्रमार्फत आफ्ना कार्यक्रमहरु सञ्चालन गर्नसक्ने अवस्था रहँदा रहँदै पनि समानान्तर किसिमका संयन्त्रहरु स्थापना गर्ने, अधिकार कटौती गर्ने र अन्तरसरकारी वित्त हस्तान्तरणमा समेत संकुचन ल्याउने गर्दा संघीयता बलियो बन्न नसकेको जगजाहेर नै छ ।

यस्तो अवस्थामा संघ र प्रदेशलाई अधिकार प्रत्यायोजनमा स्थानीय सरकारले झकझक्याउनुपर्ने अवस्थाको सिर्जना भएको छ । यसर्थ, 'सबल स्थानीय सरकार, समुन्नत नगर'को परिकल्पनालाई आत्मसाथ गर्दै स्थानीय सरकारका रुपमा बुटवल उपमहानगरपालिकाले संघ र प्रदेश तथा अन्य स्थानीय सरकारहरुलाई समेत सहभागी गराई संघीयता सबल बनाउनका लागि तीनै तहका सरकारका बीचमा छलफलको वातावरण तयार गर्नका लागि बुटवलले अगुवाई गर्ने प्रतिबद्धता जनाउन चाहन्छु ।

उपस्थित महानुभावहरु,

बुटवललाई स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरणको विकास गरी बस्नयोग्य सहर बनाउने हाम्रो मूल ध्येय रहेको छ ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ ।

शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवद्र्धन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । बुटवललाई सबै जातजातिले अपनत्व गर्नसक्ने साझा सांस्कृतिक सहरका रुपमा स्थापित गर्ने र यो सहरलाई पर्यटकीय विश्रामस्थल बनाउने गरी आवश्यक नीति अगाडि सारिएको छ ।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम बुटवल नगरबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

उपस्थित नगर सभा सदस्यज्यूहरु,

करीब एक करोड दश लाख वर्ष पूरानो आदिमानव रामापिथेकसको अवशेष फेला परेको स्थान, २ सय ९ वर्षअघि वि.सं. १८७२ मा नेपाल-अंग्रेज (तत्कालीन ईष्ट इण्डिया कम्पनी) सँगको युद्धमा विजय हासिल गरेको जितगढी किल्ला रहेको स्थान, ५ सय ५ वर्ष पूरानो पाल्पाली सेनवंशीय राज्यको ग्रीष्मकालीन दरबार रहेको बुटवल- प्राचीन, ऐतिहासिक, पर्यटकीय, व्यापारिक र व्यावसायिक केन्द्रको रुपमा रहेको छ । विगतमा पहाडबाट घिउ ल्याएर नुन, तेल र कपडा साटेर लैजाने त्यसबेलाको सानो बटौली बजार अहिले देशकै समृद्ध शहरमध्येको एक शहरको रुपमा स्थापित भएको छ ।

आफ्नो भौगोलिक सीमाक्षेत्र भित्र मात्रै नभई पूर्वमा बर्दघाट, पश्चिममा चन्द्रौटा-भालुवाङ, दक्षिणमा बेलहिया नाका र उत्तरमा पहाडका कुना कन्दरासम्मका क्षेत्र बुटवल शहरसँग प्रत्यक्ष रुपमा जोडिएका छन् ।

आगामी दिनमा बुटवलसँग जोडिएका नगरपालिका र गाउँपालिकासँग साझेदारी हुने गरी कार्यक्रम सञ्चालन गर्ने र साझा मुद्धामा सहकार्य गरी अगाडि बढ्ने हाम्रो उदेश्य रहेको छ ।

उपस्थित उपप्रमुख र सभाका सदस्यज्यूहरु,

हामी निर्वाचित भई २०७९ जेठ ९ गते पदबहाली गरेपश्चात् आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्दै चालु आर्थिक वर्षको अन्त्यमा आइपुगेका छौं । निर्वाचित भइसकेपछिका २ वर्षमा हामीले लिएका नीतिका कारण नगरका सबैजसो क्षेत्रमा सकारात्मक नतिजा देखिन थालेको छ । बुटवललाई समानता, स्वाभिमान र अवसरसहितको बस्नयोग्य सहर बनाउने परिकल्पनाले सार्थक रुप लिन थालेको छ । बितेका २ वर्षको अवधिमा बुटवलको विकासमा महत्वपूणर् मानिने कार्यहरुको थालनी भएको यहाँहरुलाई अवगत नै छ ।

बुटवलबासीलाई सुशासनको अनुभूति दिलाउन सबैले अपनत्व महसुस गर्नसक्ने स्थानीय सरकार, साझा र जनउत्तरदायी जनप्रतिनिधि, राजनीतिक दल र सामाजिक संघसंस्थाबीच मैत्रीपूणर् सम्बन्ध कायम गरी अन्य स्थानीय सरकार र सरकारी कार्यालयहरुसँगको सम्बन्धलाई सुदृढ बनाउँदै सेवाप्रवाहलाई चुस्तदुरुस्त बनाउने उदेश्य हामीले लिएका छौं ।

म यस अवसरमा बुटवल उपमहानगरपालिकामा हामी निर्वाचित भएपछिका २ वर्षमा हासिल गरेका मुख्य मुख्य कार्यप्रगति तथा समीक्षा यहाँहरूसमक्ष संक्षिप्तमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गत आर्थिक वर्ष २०७९/८० र आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रमको समीक्षा

- संघ, प्रदेश र अन्य स्थानीय सरकारहरुसँग सहकार्य र समन्वय गर्दै बुटवल उपमहानगरपालिकाभित्रका समस्याहरुलाई समाधान गर्नका लागि निरन्तर पहल भईरहेको छ ।
- नगरक्षेत्रको मुख्य राजमार्ग, लुम्बिनी बस टर्मिनल, जितगढी किल्ला, सुखौरा खोलाक्षेत्रमा ८ हजार जनाको सहभागितामा सरसरफाई अभियान सञ्चालन भएको छ । हरियाली प्रवद्र्धनका लागि मुख्य राजमार्ग क्षेत्र र अन्य क्षेत्रमा ३ हजार १ सय विरुवा रोपिएको छ भने नियमित रुपमा सिंचाई र गोडमेल भएको छ । संघ र प्रदेशका विभिन्न कार्यालयहरुसँगको सहकार्यमा ९ हजार

वटा विभिन्न प्रकारका फलफूल र घाँस प्रजातिका विरुवाहरु मागका आधारमा नगरबासीलाई उपलब्ध गराइएको छ ।

- बुटवल ७ स्थित शिवनगर सामुदायिक वन क्षेत्रको गौशालामा ६ सय भन्दा बढी गाई गोरु व्यवस्थापन गरी दाना र आहारको व्यवस्थापन गरिएको छ ।
- नगरभित्रका खाद्यान्न पसल, मासु पसल, होटल रेष्टुरेन्ट, सहकारी, दुध डेरी, फलफुल तथा तरकारी पसल, नदीजन्य पदार्थ, टुर्स एण्ड ट्राभल्सलगायतका क्षेत्रमा ३ सय ८७ पटक अनुगमन गरी जरिवानावापत् १२ लाख २२ हजार रुपैयाँ राजस्व संकलन भएको छ ।
- नगर कार्यपालिकाको बैठक ४२ पटक, नगर सभाको अधिवेशन ११ पटक, १२ वटा ऐन, १४ वटा कार्यविधि, २ वटा निर्देशिका, २ वटा मापदण्ड र एउटा नीति निर्माण भएको छ भने ५ वटा ऐन र एउटा नियमावली संसोधन भएको छ । न्यायिक समितिमा १ सय ४३ उजुरी दर्ता भएकोमा १ सय ३० उजुरी फछ्र्यौट गरिएको छ भने ४१ जना मेलमिलापकर्ता थप गरी तालिम सञ्चालन गरिएको छ ।
- कृषितर्फ तरकारी, फलफुल, मसलाबाली तथा धान र गहुँको मूल बीउमा प्रति केजी ३ रुपैयाँका दरले वडा नम्बर १२ देखि १९ का १ सय २१ जनालाई अनुदान उपलब्ध गराईएको छ । बेमौसमी वर्षाका कारण धान बालीमा क्षति भएका कृषकहरुलाई पहिलो किस्तावापत् ६ सय २२ जनालाई राहत रकम वितरण गरिएको छ । ३० बिगाहा क्षेत्रफलमा मकै पकेट क्षेत्र स्थापनाका लागि वडा नं १४ देखि १९ का ३३ जनालाई अनुदान उपलब्ध गराईएकोमा किसानले वार्षिक ५० लाख रुपैयाँ आम्दानी लिन सफल भएका छन् ।
- मागमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तरगत ६७ जना किसानले लाभ लिएका छन् । खाद्यान्न बालीको उन्नत बीउमा वडा नं. ११ देखि १९ का ६ सय ७२ जनालाई ५० प्रतिशत अनुदान उपलब्ध गराइएको छ । नवीनतम प्रविधिमा आधारित कृषक क्षमता विकास तालिम कौशी, करेशाबारी तथा अन्य बाली विशेष कार्यक्रम अन्तरगत १ हजार ९ सय ९ जनाले लाभ लिएका छन् ।
- कृषि उपज बिक्रीका लागि तिनाउ गाउँपालिकालाई वडा नम्बर ५ मा २ वटा सटर उपलब्ध गराइएको छ । १२ वटा सहकारी संस्थामार्फत १ हजार ३ सय मेट्रिक टन रासायनिक मल अनुदानमा उपलब्ध गराइएको छ । नगर क्षेत्रका विभिन्न बालीका २० वटा पकेट क्षेत्र स्थापनामा सहयोग भएको छ ।

- ३५ जना खेलकुद शिक्षकलाई खेल प्रशिक्षक तालिम दिइएको छ । राष्ट्रिय स्तरमा उत्कृष्ट प्रदर्शन गर्ने बुटवल नगरभित्रका १२ जना खेलाडीलाई सम्मान गरिएको छ । विभिन्न खेल विधामा १ हजार ५ सय विद्यार्थीको सहभागितामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अन्तर विद्यालय स्तरीय मेयर कप फुटबल प्रतियोगिता, उपमेयर महिला भलिबल प्रतियोगिता तथा विभिन्न क्लब र संस्थाहरुसँगको सहकार्यमा फुटबल, क्रिकेट, लन टेनिस, ब्याडमिन्टन, चेस खेलका अन्तरराष्ट्रिय, राष्ट्रिय, प्रदेश, जिल्ला र नगरस्तरीय प्रतियोगिताहरु सञ्चालन गरिएको छ । यस्ता प्रतियोगिताहरुमा करीब २० हजार जना खेलाडी र खेलसँग सम्बन्धित व्यक्तिहरु सहभागी भएका थिए ।
- भूमि व्यवस्थापनतर्फ भूमि आयोगसँग सहजीकरण गरी १६ हजार ७ सय ७४ घरपरिवारको लगत संकलन र सफ्टवेयरमा प्रविष्ट गरिएको छ । २ सय वटा विन्दुमा डिजिपीएस स्थापना, ३ सय ५ वटा फिल्डबुक, प्लट रजिष्टर उतार गरी सिफारिश गरिएको छ । अव्यवस्थित क्षेत्रका ३१ वटा

ब्लकको नाप नक्शांकन, ५९ वटा अव्यवस्थित क्षेत्रमा नाप नक्शांकनका लागि ब्लक पास, वडा नम्बर ७, १८ र १९ मा गरी ३२ कित्ता लालपूर्जा वितरण गरिएको छ । २८ सय घरधुरीको कित्ता कायम, १ सय २० वटा बिटौरी श्रेष्ता उतार, रोक्का, फुकुवा उतार सिफारिश गरिएको छ । वडा नम्बर ११ देखि १७ का ३ वटा सार्वजनिक जग्गा नगरमातहत ल्याई संरक्षण गरिएको छ ।

- पशुपंक्षी विकासतर्फ २ हजार ५० वटा गाई र १ हजार ४ सय वटा भैसीको कृत्रिम गर्भाधान, पशुआहारा सेवा कार्यक्रमअन्तरगत वडा नम्बर ११ देखि १९ का ५ सय २० जना किसानलाई २ हजार २ सय केजी जई बीउ र १ हजार ७ सय ५० केजी वर्षीम बीउ वितरण गरिएको छ । भ्याक्सिनेशन कार्यक्रमअन्तरगत पिपीआर, भ्यागुते, चरचरे, खोरेत, लम्पी स्किनजस्ता रोगको उपचारका लागि ४४ हजार ९ सय ८६ वटा पशुलाई खोप लगाइएको छ ।
- यस्तै, २ हजार २ सय वटाको मेडिकल उपचार, ४ सय १२ वटाको माइनर सर्जिकल उपचार, १ हजार १ सय २५ वटा जटिल उपचार, २ सय ८२ गाइनोकोलोजिकल उपचार, ६५ वटा कुखुराको शव परीक्षण र २ हजार ५ सय वटा पशुको गोबर परीक्षण गरिएको छ ।
- दुग्ध उत्पादनमा वृद्धि गर्ने उदेश्यले वडा नम्बर १२, १४, १५ देखि १९ सम्ममा ९० जना किसानलाई पाडी खरिदमा ५० प्रतिशत अनुदान उपलब्ध गराइएको छ । मागमा आधारित अनुदान कार्यक्रमअन्तरगत ५३ जना, पशुपंक्षी बिमा कार्यक्रमअन्तरगत २ सय १५ जना र पशु सेवा प्रसार तालिमअन्तरगत १ सय ५ जना किसानहरुले लाभ लिएका छन् । डोर टु डोर कार्यक्रमअन्तरगत १ सय ६ वटा पशुहरुमा देखिएको बाँझोपनको समस्या निवारण गरिएको छ ।
- सहकारी, उद्योग वाणिज्य तथा लघुउद्यमतर्फ १ हजार ६ सय ४८ जनालाई सहकारी एकीकृत सूचना प्रणालीसम्बन्धी तालिम, सहभागितामूलक लेखाजोखा प्रणालीसम्बन्धी तालिम, व्यवस्थापन तालिम, टपरी बनाउने र जुत्ता बनाउने तालिम दिइएको छ ।
- बुटवल मात्रै कार्यक्षेत्र भएका १ सय ३५ सहकारी, प्रदेश र संघमा कार्यक्षेत्र भई बुटवलमा कार्यालय रहेका ८३ वटा सहकारी रहेकोमा संघ र प्रदेशका ११ वटा सहकारीमा समस्या देखिएको छ भने १३ वटा सहकारी निस्क्रिय भएका छन् । बुटवलमात्रै कार्यक्षेत्र भई दर्ता भएका सहकारीहरुमा समस्या देखिएको छैन भने संघ र प्रदेशमा दर्ता भइ बुटवलमा कार्यालय सञ्चालन गरेका केही सहकारीहरुमा समस्या देखिएकोमा त्यस्ता सहकारीहरुको जानकारी संघ र प्रदेशमा पठाइएको छ ।
- जनस्वास्थ्यतर्फ वडा नम्बर १३ र १७ मा बहुउदेश्यीय स्वास्थ्य केन्द्र भवन निर्माण भई अस्पतालका रुपमा सञ्चालन गर्ने तयारीमा रहेको छ । जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण तथा औषधि उपचारका लागि बाआमासँग नगरप्रमुख कार्यक्रमअन्तरत २ हजार ५ सय ८१ जनालाई विशेषज्ञ चिकित्सकबाट सेवा प्रदान गरिएको छ । नगर प्रमुख स्वस्थ शिशु कार्यक्रमअन्तरगत ४ सय ९ जना सुत्केरी महिलालाई जनही २ हजार रुपैयाँ पोषणभत्तावापत्को रकम वितरण गरिएको छ । नगरबासीलाई सरकारी र निजी अस्पतालमा उपचारका क्रममा आवश्यक पर्ने रगत र रगतजन्य पदार्थ निःशुल्क उपलब्ध गराउने कार्यक्रमबाट ४ सय जनाले लाभ लिएका छन् ।
- जटिलरोग विपन्न अनुदानअन्तरगत १ सय ४५ जनालाई जनही रु. १७ हजार, १८ वर्षमुनिका ३ जना एचआइभी संक्रमित बालबालिकालाई मासिक रुपमा जनही ३ हजार रुपैयाँ उपलब्ध गराइएको छ भने विपन्न वर्गलक्षित जटिल रोग उपचारमा जनही १ लाख रुपैयाँका लागि संघ सरकारतर्फ ३ सय ५८ जना र जनही २ लाख रुपैयाँका लागि प्रदेशतर्फ १ सय ३६ जनालाई सिफारिश उपलब्ध गराईएको छ । सबै वडामा स्वास्थ्य संस्था स्थापना कार्यक्रमअन्तरगत बाँकी

रहेका वडा नम्बर ६, ८, ९, १०, १३ र १८ मा भौतिक पूर्वाधार तयार भई स्वास्थ्य संस्था स्थापनाको तयारीमा रहेको छ ।

- राजश्व प्रशासन र प्राकृतिक श्रोत तथा सम्पत्ति व्यवस्थापनतर्फ १ हजार ४ सय ४० ईरिक्सा र ३० वटा टेम्पुहरुको व्यवस्थापन तथा नियमनमा रुट ईजाजत प्रदान गरिएको छ भने दर्ता नभएका ई रिक्सा र टेम्पुहरुलाई कारवाही गरिएको छ ।
- पशु बधशाला सञ्चालनका लागि मुक्तिनाथ लाईभस्टक बैंक लिमिटेडसँग ५ वर्षका लागि सम्झौता भई २ वटा बिक्री केन्द्रसहित सञ्चालनमा आएको छ । मासु पसलहरुलाई पशु बधशालाको मासु बिक्री गर्ने व्यवस्थाका लागि सचेतना अभियानसहित कानुनी व्यवस्थाबारे जानकारी गराइएको छ ।
- चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा ४४ करोड ६९ लाख रुपैयाँ राजश्व संकलन भएको छ भने आर्थिक वर्षको समाप्तिसम्ममा थप राजश्व संकलन हुने अपेक्षा गरिएको छ ।
- श्रम तथा रोजगारतर्फ मेयर युवा इलम कार्यक्रमअन्तरगत १ सय २० जनालाई टायल र मार्बल लगाउने, बारिष्टा, कम्प्युटर हार्डवेयर र नेटवर्किङ, मोबाइल मर्मत, एसी, फ्रिज मर्मत गर्ने तालिम दिइएको छ ।
- परम्परागत सीप प्रवद्र्धन कार्यक्रमअन्तरगत २२ जनालाई जुत्ता बनाउने तालिम दिइएको छ भने आरन स्तरोन्नतिका लागि ११ जनालाई उपकरण उपलब्ध गराइएको छ । मकै पोल्ने, सालको पात बेचेर गुजारा गरिरहेका महिलाहरुलाई प्रोत्साहन तथा राहत प्रदान गर्ने गरी सम्मान गरिएको छ ।
- नगर प्रमुख गृहणी महिला स्वरोजगार कार्यक्रमअन्तरगत ५१० जना महिलालाई तालिम दिन शुरु भएको छ ।
- बुटवललाई सीपसहितको दक्ष जनशक्ति भएको सहरका रुपमा स्थापित गर्न यसै वर्ष २० जनालाई सुनचाँदीका गरहना बनाउने तालिम प्रदान गरिएको छ ।
- संघ र प्रदेशसँग सहकार्य गरी श्रमाधान रोजगार मेला २०८१ को आयोजना गरी रोजगारदाता र रोजगारको खोजी गर्नेहरुका बीचमा समन्वयकारी भूमिका निर्वाह गरिएको छ । जसमा ३५ जनाले मेलाबाटै रोजगारी प्राप्त गरेका छन् भने १ सय ५० जना दोश्रो चरणका लागि छनोट भएका छन् ।
- योजना प्रशासनतर्फ २८ वटा सडक निर्माण, स्तरोन्नति, पर्खाल निर्माण, मर्मत, फुटपाथ स्तरोन्नति, अधुरो नाली निर्माणजस्ता काम भएका छन् ।
- लुम्बिनी बस टर्मिनल परिसरमा स्नानगृहसहितको सार्वजनिक शौचालय निर्माणको अन्तिम चरणमा रहेको छ । बसपार्कमा हाइमास्ट लाइट जडान, स्नानघरसहितको शौचालय र क्यान्टिनको निर्माण अन्य आवश्यक संरचनाहरु निर्माण गरी बसपार्कलाई सुधार गरिएको छ । बटौली युद्ध संग्रहालयको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भई सञ्चालनको तयारीमा रहेको छ ।
- गौशालामा गाईवस्तुलाई व्यवस्थापन गर्नका लागि आवश्यक पूर्वाधार थप गर्ने, मर्मत गर्ने कार्य भईरहेको छ भने ट्रान्सपोर्ट भिलेज पुग्ने पहुँचमार्ग स्तरोन्नति, देवीनगर–बुद्धनगर–बेलबास सडकको स्तरोन्नति, विभिन्न विद्यालयहरुमा शौचालय निर्माण, विज्ञान प्रयोगशाला निर्माण, खानेपानीको व्यवस्थापनजस्ता निर्माणका काम सम्पन्न भएका छन् ।
- महिला, बालबालिका तथा समावेशीकरणतर्फ नीति निर्माणसम्बन्धी छलफल, अन्तरक्रिया, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जेसी अडिट, लैंगिक हिंसा निवारणका लागि सचेतना

कार्यक्रम, बालमैत्री वडा घोषणाको तयारी जस्ता कार्यक्रम सञ्चालन भएका छन् । लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको क्षमता विकास र सीपसँग जोड्ने कार्यक्रम सञ्चालन भएका छन् ।

- विद्युततर्फ उज्यालो बुटवल कार्यक्रमअन्तरगत बुटवलका मुख्य २३ स्थानमा हाइमास्ट लाइट जडान गरिएको छ र रात्रीकालीन बजार सञ्चालनका लागि क्षेत्र निर्धारण गरिएको छ । कालिकापथमा संघीय सरकारसँगको सहकार्यमा स्मार्ट लाईट जडान गर्ने कार्य शुरु भएको छ । नगरभित्रका अन्य आवश्यक स्थानमा विद्युतीकरण र तार व्यवस्थापनको कार्य भएको छ ।
- बुटवललाई साझा सहरका रुपमा स्थापित गर्न बुटवलभित्र प्रचलनमा रहेका मुख्य ४ नेपाली, थारु, मगर ढुट र नेपाल भाषामा नागरिक बडापत्र तयार गरिएको छ ।
- बुटवलका वडा नम्बर १ देखि १९ मा अपांगता भएका ३ सय ५ जनालाई अपांग परिचय पत्र प्रदान गरी सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमालगायत अन्य सेवा सुविधा प्रदान गरिएको छ । यस्तै, २० वटा ह्वीलचेयर, ३ वटा वैशाखी, ७ वटा एयर बेड, ५ वटा सेतो छडी र एउटा ट्वाईलेट चेयर हस्तान्तरण गरिएको छ ।
- आर्थिक वर्ष २०७९/८०देखि ८०/८१ सम्ममा ३ हजार ७ सय ५९ जनाको जन्मदर्ता, १ हजार ५ सय २१ जनाको मृत्युदर्ता, २ हजार ४ सय ७७ जनाको विवाह दर्ता, ४ सय ३ जनाको सम्बन्धविच्छेद दर्ता र ३ हजार ५ सय ११ जनाको बसाईसराई दर्ता भएको छ ।
- गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको चैतसम्ममा २१ हजार ८ सय ६० जनालाई ७२ करोड ३० लाख ४१ हजार ८ सय ३२ रुपैयाँ सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको छ ।
- घरनक्शा पासतर्फ गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको जेठसम्ममा १ हजार २ सय ४६ वटा घरनक्शापासका लागि दर्ता भएका छन् भने १ हजार २ सय ३८ वटालाई सम्पन्नको प्रमाणपत्र उपलब्ध गराइएको छ । यस्तै, १ सय ९२ घर अभिलेखीकरण भएका छन् ।
- वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ चुरे क्षेत्रबाट झर्ने पहिरो नियन्त्रणका लागि ग्याबिन जाली लगाउने, जोखिम न्यूनीकरणका लागि वर्षाको समयमा स्काभेटर, ट्याक्टर र अन्य उपकरणहरुको व्यवस्था गरी पहिरो हटाउने कार्य नियमित रुपमा सञ्चालन गरिएको छ ।
- तिनाउ नदी, सुखौरा खोलाले कटान गर्न सक्ने क्षेत्रहरु पहिचान गरी ग्याबीन जाली लगाउने, तटबन्ध निर्माण गर्ने, रिटेनिङ वाल लगाउने र जोखिम न्यूनीकरण गर्नका लागि वृक्षरोपणजस्ता कार्य सञ्चालन गरिएको छ । नगरभित्रका ११ स्थानमा जोखिम न्यूनीकरण गर्न स्थानीयलाई ५ सय थान ग्याबिन बक्स जाली वितरण गरिएको छ ।
- रुपन्देहीजिल्लाभित्रका विभिन्न स्थानीय तहहरुमा आगलागी नियन्त्रणका लागि यस नगरको दमकल १ सय ४२ पटक उपयोग भएको छ ।
- आगलागी र विपदका कारण क्षति पुगेका ८ जनालाई राहत प्रदान गरिएको छ भने, जाजरकोट भूकम्प पीडितलाई राहत सामग्री प्रदान गरिएको छ ।
- सूचना प्रविधितर्फ नगरको सेवाप्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउन युएनडीपीसँगको सहकार्यमा एआईमा आधारित च्याटबट निर्माण गरी सञ्चालनमा ल्याइएको छ । नगरका मुख्य मुख्य स्थानहरु बसपार्क, जितगढी किल्ला र हिलपार्कमा निशुल्क वाईफाई जडान गरी सञ्चालनमा ल्याइएको छ ।
- सिद्धार्थ बाल तथा महिला अस्पताल आम्दालाई ३०० बेडमा स्तरोन्नति गर्ने कार्य शुरु भएको छ भने पारा मेडिकलतर्फ एचए, फार्मेसी र पीसीएल नर्सिङ विषय अध्ययन शुरु भएको छ ।

- बुटवल शहरलाई कुरुप बनाउने गरी टेलिफोन, केवल लगायतका अव्यवस्थित रुपमा रहेका तारहरु हटाउने कार्य निरन्तर भइरहेको छ ।
- सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका संरचना भत्काएर फल्चा, चौतारी र प्रतिक्षालय निर्माण गर्ने कार्यक्रमअन्तरगत यसपटक वडा नम्बर ५ मा नमूना फल्चा निर्माण गरिएको छ ।
- त्रिभुवन पथ, अभियान पथ, बुद्धनगर क्षेत्र, तामनगर, सेमलार र हिरापुर सडकलगायतका सडकहरुको स्तरोन्नति र केही सडकहरु निर्माण गरिएको छ ।
- बुटवलको खानेपानी समस्या समाधानका लागि तिनाउ गाउँपालिकाको झुम्साको पानी ल्याउनका लागि मुहान क्षेत्रका बासिन्दा र त्यस क्षेत्रको विकासमा खर्च हुने गरी वार्षिक २ करोड रुपैयाँ तिनाउ गाउँपालिकालाई दिने सहमति भएको छ ।
- कालिकापथको निकासका रुपमा अस्पताल लाईन र नेपालगञ्ज रोड जोड्ने सडक निर्माण तथा मिलनचोकदेखि सुख्खानगर जाने सडक फराकिलो बनाइएको छ ।
- खेलकुदमा जनशक्ति उत्पादनका लागि ५ जना विद्यार्थीहरुलाई एन्फा एकेडेमीमा अध्ययनका लागि छनोट गरिएको छ ।
- शहरी ब्लक पूर्जा वितरण गरिएको छ । यो कार्य निरन्तर सञ्चालन भएको छ ।
- उपप्रमुख उद्यमशीलता कार्यक्रममार्फत ४ सय जनालाई उद्यमशीलता तालिम दिइएको छ ।
- विभिन्न विद्यालयहरुमा ४ कोठे भवनहरु निर्माण, साईन्स ल्याब र आइसीटी ल्याब निर्माण तथा सञ्चालन गरिएको छ ।
- कक्षा ११ र १२ मा अध्ययनरत ६ सय २० जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ ।
- आवश्यकताअनुसार खेलमैदानहरुको स्तरोन्नति तथा मर्मत सम्भार गरिएको छ ।

नगरबासीको हितमा हुने यी र यस्ता धेरै कामहरुलाई प्राथमिकताका साथ अगाडि बढाइएको व्यहोरा म यहाँहरुसमक्ष जानकारी गराउँदछु ।

**उपस्थित उपप्रमुख र सभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## दीर्घकालीन सोंच तथा रणनीतिहरु

बुटवल उपमहानगरपालिकाको दीर्घकालीन सोंच ‘समानता, स्वाभिमान र अवसर–बस्नयोग्य बुटवल शहर’ रहेको छ । यस सोंचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अबलम्बन गरिनेछन् ।

१. शिक्षा, स्वास्थ्य र सीप तथा रोजगारको क्षेत्रलाई मूख्य प्राथमिकतामा राख्दै कृषि, पर्यटन, उद्योग, व्यापारजस्ता क्षेत्रको समुन्नतिमा जोड दिने ।

२. उज्यालो, सफा, सुन्दर र हरियालीसहितको सुरक्षित र समुन्नत शहरको रुपमा विकास गर्ने ।

३. सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गरी शहरलाई जीवन्त बनाउने ।

४. नागरिक बडापत्रलाई कार्यान्वयन गर्दै सेवाप्रवाहलाई जनउत्तरदायी, पारदर्शी र सुशासनयुक्त बनाउने ।

५. मौलिक भाषा, संस्कृति र सम्पदाको संरक्षण, सम्वद्र्धन र प्रवद्र्धन गर्ने ।

६. प्राकृतिक जलश्रोत तथा जलाधार क्षेत्रहरुको संरक्षण गर्ने ।

७. बुटवललाई छिमेकी पालिकाहरुलाई समेत गाभेर महानगरपालिकाका रुपमा स्तरोन्नति गर्ने ।

## आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएका विषयगत नीतिहरु

**शिक्षा**

१. "शिक्षामा अब्बल, हाम्रो बुटवल" भन्ने परिकल्पनालाई सार्थक बनाउन 'नगरप्रमुख शैक्षिक विकास कार्यक्रम' सञ्चालन गरी विद्यालयहरुको शैक्षिक तथा भौतिक स्तरलाई वृद्धि गरिनेछ । बुटवलबाट उत्पादित जनशक्तिलाई अन्तरराष्ट्रिय बजारमा समेत खपत हुनसक्ने गरी सक्षम बनाउन पाठ्यक्रमबाहेकका सीप, संस्कार, संस्कृति, खेलकुद, नेतृत्व विकास तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. आधारभूत तथा माध्यमिक विद्यालयहरूलाई न्यूनतम मापदण्ड अनुरूप भौतिक तथा शैक्षिक पूर्वाधार सम्पन्न बनाइने छ ।

३. 'छोरी पढाऔं, समाज बनाऔं' कार्यक्रम अन्तरगत बुटवल टेक्निकल इन्स्टिच्युटमा छात्राहरुलाई निःशुल्क अध्ययनको व्यवस्था मिलाइनेछ ।

४. विद्यालयहरुमा विद्यार्थी भर्नाको समस्या अन्त्य गर्न र भर्ना हुन नपाएर अन्यत्र जानुपर्ने बाध्यता अन्त्य गर्नका लागि बुटवलभित्रका बालबालिकालाई पहिलो प्राथमिकतामा राख्ने नीति लिइनेछ ।

५. विद्यालयका प्रधानाध्यापकहरुलाई ३–३ वर्षमा अन्तरविद्यालय सरुवा गर्ने नीति लिइनेछ ।

६. असहाय तथा विपन्न वर्गका विद्यार्थीहरु विद्यालय नजाने, बीचमै पढाई छाड्ने र नियमित नहुने समस्यालाई रोक्नका लागि 'नगरप्रमुख शैक्षिक सुधार कोष'को स्थापना गरी विपन्न वर्गका बालबालिकालाई आवश्यक छात्रवृत्ति, पोशाक तथा शैक्षिक सामग्री उपलब्ध गराईनेछ ।

७. बुटवल टेक्निकल इन्स्टिच्युट (बीटीआइ) सञ्चालनमा कठिनाई उत्पन्न भइरहेकाले यसको अस्तित्व र पहिचानलाई कायम राख्दै प्राविधिक जनशक्ति उत्पादनलाई थप व्यवस्थित बनाउनका लागि बीटीआईलाई बुटवल उपमहानगरपालिका मातहतमा ल्याउन आवश्यक नीति तथा ऐन निर्माण गरिनेछ । बीटीआईमा डिप्लोमा तहका इन्जिनियरिङ विषयहरु र अटो भिलेजमा स्नातकमा तहको अटो इन्जिनियरिङको अध्ययन शुरु गरिनेछ ।

८. बुटवल अटो इन्जिनियरिङ कलेज सञ्चालन गरी अटो इन्जिनियरिङमा स्नातक तह सञ्चालन गर्न आवश्यक नीति तय गरिनेछ ।

९.फरक क्षमताका बालबालिकाहरूका लागि विशेष शिक्षाको व्यवस्था गर्न विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

१०.माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँचमा विस्तार गरी स्वरोजगार सिर्जना गर्न सक्ने जनशक्ति उत्पादनमा जोड दिइनेछ ।

११.प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्राथमिकता दिदै सिद्धार्थ बाल तथा महिला अस्पतालमा सञ्चालन गरिएको पारामेडिकल तहलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।

१२. बालमैत्री, छात्रामैत्री र अपाङ्गमैत्री बन्न बाँकी रहेका विद्यालयलाई यसैवर्ष पर्याप्त श्रोत उपलब्ध गराईनेछ । बालविकास केन्द्रहरूलाई बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्धारण गरी बाल मनोविज्ञान अनुरूप सुरक्षित र सुविधा सम्पन्न बनाइने छ । नगरभरिमा ३ जना नर्स, ५ जना बालविकास र ५ जना शिक्षकको दरबन्दी थप गरी आवश्यकताअनुसार वितरण गरिनेछ ।

१३. विद्यालय शिक्षालाई पाठ्यक्रममुखी मात्रै नबनाई शिक्षा क्षेत्रका अगुवा र विज्ञहरुका अनुभव र स्थानीय आवश्यकता पहिचान गर्ने गरी शैक्षिक सम्मेलनको आयोजना गरिनेछ । माध्यमिक तह पूरा गरेका विद्यार्थीहरुलाई जीवनवृत्ति परामर्श (करिअर काउन्सिलिङ) का कार्यक्रममार्फत मार्गदर्शन गर्ने नीति लिइनेछ ।

१४.सबै सामुदायिक विद्यालयहरूलाई पूणर् प्रविधियुक्त बनाउन आवश्यक पूर्वाधारको व्यवस्था गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिमार्फत डिजिटल लर्निङ पोर्टल र कम्प्युटर शिक्षाको प्रयोगलाई विशेष जोड दिइने छ ।

१५. निजी विद्यालयहरुले सबै कक्षामा १० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्दै हरेक शैक्षिक सत्रको अन्तमा विवरण पेश गर्नुपर्ने र नामावली नगरलाई बुझाउनुपर्ने व्यवस्था मिलाइनेछ ।

१६.सामुदायिक विद्यालयमा अध्ययनरत भौगालिक रूपमा पछाडि परेका तथा विपन्न परिवारका बालबालिकाहरूलाई विद्यालयसम्म पहुँच विस्तार गर्न निःशुल्क पोशाकको व्यवस्था गरिनेछ ।

१७. शिक्षाकै क्षेत्रबाट बुटवलको पहिचान स्थापित गर्नका लागि थप लगानी गर्ने र शैक्षिक स्तर सुधार गर्नका लागि विशेष कार्यक्रम ल्याईनेछ ।

१८. शिक्षक–कर्मचारीहरुको क्षमता विकास गरी शैक्षिक स्तर सुधारमा जोड दिइनेछ । विद्यालयहरुमा कायम रहेको दरबन्दी र आवश्यक दरबन्दीबारे अध्ययन गरी दरबन्दी मिलान तथा समायोजन गरिनेछ । विद्यालयका कर्मचारीहरुको पारिश्रमिक समयानुकुल वृद्धि गर्दै लगिनेछ ।

१९. विद्यालयहरुले प्रदान गर्ने छात्रवृत्ति र सहुलियतलाई प्रभावकारी बनाउन आवश्यक संयन्त्र निर्माण गरी एकद्वार प्रणालीमार्फत वितरण गर्ने व्यवस्था गरिनेछ ।

२०.स्थानीय पाठ्यक्रमलाई आवश्यकताअनुसार परिमार्जन गर्दै बुटवलको पहिचान, जातीय पहिचान, भाषा, संस्कृति र सांस्कृतिक कार्यक्रम र नैतिक शिक्षा, लैंगिक हिंसाविरुद्ध, ट्राफिक शिक्षा, योग शिक्षा,

सरसफाईसम्बन्धी शिक्षा र लागूपदार्थ दुव्र्यसनीविरुद्धको शिक्षा सम्बन्धि ज्ञान हुने विषयलाई जोड दिइने छ ।

२१. सामुदायिक विद्यालयहरुमा आवश्यकता अनुसार बालशिक्षाको दरबन्दी सिर्जना तथा व्यवस्थापन गरिने छ । थप जनशक्ति नियुक्त गर्दा समावेशी सिद्धान्तलाई अबलम्बन गरिनेछ ।

२२. विद्यालय खाजा कार्यक्रमलाई थप व्यवस्थित गर्न विद्यार्थीलाई खाजा खुवाउने विद्यालयहरुमार्फत खाजा रकममा रु. १० थप गरी २५ रुपैयाँ बनाउने र विद्यार्थीहरुलाई निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

२३. न्यूनतम मापदण्डका आधारमा संस्थागत विद्यालयहरुको वर्गीकरण गरी न्यूनतम मापदण्ड बमोजिम सञ्चालन गर्न व्यवस्था मिलाइनेछ ।

२४. हरेक विद्यार्थीको बैंक खाता सञ्चालन गर्नका लागि 'एक विद्यार्थी एक बैंक खाता'को नीति अबलम्बन गर्दै विद्यार्थीहरुमा बचत गर्ने बानीको विकास गरिनेछ ।

२५. विद्यार्थीहरुलाई पाठ्यसामग्रीमाथिको बोझ कम गर्न हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप तथा सिर्जनशील कार्यक्रमका माध्यमबाट संस्कार, संस्कृति, सीप तथा नैतिक शिक्षा, खेलकुद, विज्ञान प्रविधि, पर्यटनजस्ता विषयहरुप्रति आकर्षण बढाउने नीति लिइनेछ । सूचना र प्रविधिको प्रयोग गरी नयाँ नयाँ अनुसन्धान तथा आविष्कार गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गरिनेछ ।

२६. विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिहरुका बीचमा अनुभव आदानप्रदान, असल अभ्यास र शैक्षिक स्तर वृद्धिका लागि समन्वय र सहकार्यमा जोड दिइनेछ ।

**जनस्वास्थ्य**

२७. 'स्वच्छ नगर, स्वस्थ नगरबासी'को नीति लिई नगरमातहतका अस्पताल, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्रहरुको संख्या थप गर्दै स्तर वृद्धि गरिनेछ ।

२८. जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण तथा औषधि उपचारका लागि 'बाआमासँग नगरप्रमुख कार्यक्रम'लाई थप व्यवस्थित गरी वर्षमा ३ पटक अभियानका रुपमा सञ्चालन गरिनेछ ।

२९. स्वास्थ्यको रक्षा, जीवनको सुरक्षा भन्ने नाराका साथ नगरवासीलाई जटिल रोगहरु (मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकल सेल एनेमिया) को उपचारमा दिइने राहत अनुदानलाई थप व्यवस्थित गरी प्रभावकारी बनाइने छ ।

३०. सिद्धार्थ बाल तथा महिला अस्पताल (आम्दा) बाट प्रदान हुने सेवा सुविधालाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ । आम्दामा एचए, नर्सिङ र फार्मेसी कक्षालाई थप व्यवस्थित गर्दै २ सय बेडको अस्पताल र आमा सुरक्षा कार्यक्रम लागू गरिनेछ ।

३१. कुपोषित बालबालिकाहरुको खोजी गरी उपचार तथा पोषणस्थितिमा सुधार ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । १८ वर्ष मुनिका एच.आई.भी. संक्रमित बालबालिकाहरुलाई पोषणस्थिति सुधार गर्न मासिक रुपमा पोषण भत्तावापत् रु. ३ हजार उपलब्ध गराइने छ ।

३२. बुटवलबासीको उपचारका क्रममा आवश्यक पर्ने रगत र रगतजन्य पदार्थको शुल्क हटाउन रक्तसञ्चार केन्द्रलाई उपलब्ध गराउँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

३३. सार्वजनिक निजी साझेदारीमा बुटवल ११ मा १ सय बेडको सुविधासम्पन्न ट्रमा अस्पताल स्थापना गरिनेछ ।

३४. वडा नं. १७ मा निर्मित अस्पताल भवनलाई जनरल अस्पतालका रुपमा सञ्चालन गर्ने र वडा नं. १३ मा निर्मित अस्पताल भवनलाई बुटवल फिजियोथेरापी अस्पतालका रुपमा सञ्चालन गर्न आवश्यक जनशक्ति थप गरी सेवा शुरु गरिने छ ।

३५. स्वस्थ आमा, स्वस्थ परिवार, प्राथमिकतामा शिशु स्याहार भन्ने मर्मलाई आत्मसाथ गर्दै सुत्केरी अवस्था र नवजात शिशुमा देखिने स्वास्थ्य समस्याको समयमै पहिचान गरी उपचार गर्न सुत्केरी जाँच कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रममार्फत नवजात शिशु, आमा र बालबालिकाको पोषणस्थितिलाई सबल बनाउन सुत्केरी पोषण र शिशु पोषण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । नगरभित्रका सरकारी कार्यालय परिसरमा सहजताको निमित्त सेवाग्राही आमाहरुका लागि स्तनपान कक्ष निर्माणको लागि पहल गरिने छ ।

३६. महिलाहरुको पाठेघर, स्तन क्यान्सर, भिडियो एक्सरे तथा अन्य स्वास्थ्य परीक्षणका लागि शिविर सञ्चालन गर्ने र उपचारमा सहुलियत प्रदान गरिनेछ ।

३७.स्वस्थ शरीर स्वस्थ मन भन्ने अभियानका साथ नगरबासीको स्वास्थ्य अवस्थालाई सुदृढ गर्नको लागि सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूह, टोल विकास संस्था, सामाजिक स्वास्थ्य संस्था, युवा क्लब, बाल क्लब जस्ता संस्थाहरुलाई स्वास्थ्य सम्बन्धी कार्यमा परिचालन गरिनेछ र उत्कृष्ट कार्य गर्ने संस्थालाई सम्मान गर्ने नीति लिइनेछ ।

३८.स्वस्थ जीवनशैलीका लागि योग भन्ने नीति अवलम्बन गरी सन्तुलित आहार, शारीरिक व्यायाम, स्वस्थकर खानपान, योग, ध्यान र प्राणायम जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

३९.सरकारी, निजी, सामुदायिक अस्पताल तथा मेडिकलबाट प्रदान गर्दै आएको स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन नियमन तथा अनुगमनको संस्थागत व्यवस्था मिलाईनेछ । साथै, प्राप्त सेवालाई डी एच आइ एस टु मा सम्मिलित गरिनेछ ।

४०.स्वास्थ्य संस्थाजन्य जोखिमयुक्त फोहोर व्यवस्थापन तथा निर्मलीकरणका लागि नगरभित्र सञ्चालित स्वास्थ्य संस्था, अस्पताल, मेडिकल, ल्याब आदिबाट निस्कने फोहोरको उचित व्यवस्थापन गरिनेछ ।

४१.महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै उत्कृष्ट महिला स्वास्थ्य स्वयमसेविकालाई पुरस्कृत गर्ने र सेवा अवधि पूरा गरी अवकाश हुने स्वयमसेविकालाई सम्मानजनक बिदाईको व्यवस्था गर्दै स्वास्थ्य स्वयमसेविकाको संख्या पचास प्रतिशतसम्म थप गरिने छ ।

४२.एच आई भी/एड्स, क्षयरोग, कुष्ठरोग, औलो, कालाजार, हात्तीपाईले, डेगु, स्क्रब टाइफसजस्ता सर्ने नसर्ने लगायतका रोगहरुको रोकथाम, नियन्त्रण तथा निवारणका लागि आवश्यक स्वास्थ्य कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४३.गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्यमा विशेष जोड दिदै आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

४४.सर्पदंश उपचार रेफेरल मेकानिज्म तथा प्राथमिक उपचार सम्बन्धी कार्यको लागि स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ ।

४५.प्रजनन् स्वास्थ्य तथा सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न रुरल यु एस जी सेवा सबै वडा तहसम्म पुऱ्याइने छ ।

४६.किशोरीहरुमा हुने रक्तअल्पता कम गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४७. बालबालिकाको खोप कार्यक्रमलाई प्रभावकारी रुपले सञ्चालन गर्न प्रत्येक वर्ष पूणर्खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४८.निजी क्षेत्रबाट सञ्चालित अस्पताल, नर्सिङ होम, रिसर्च सेन्टरजस्ता स्वास्थ्य संस्थाहरुलाई विपन्न वर्गका लागि दिनुपर्ने सुविधाको नामावली नगरमा उपलब्ध गराउँदै सार्वजनिक गर्न अनिवार्य गर्ने र आफ्नो आम्दानीको केही प्रतिशत रकम सामाजिक क्षेत्रमा लगानी गर्न र नगरका स्वास्थ्यसम्बन्धी कार्यक्रममा साझेदारी गर्नका लागि प्रोत्साहित गरिनेछ ।

४९.स्तनपान गराउने आमाहरुका लागि उपप्रमुख दुग्धवर्धक जडिबुटी वितरण कार्यक्रम सञ्चालन गरिने छ ।

५०.नगरप्रमुख–उपप्रमुख घरदैलो स्वास्थ्य कार्यक्रमलाई व्यवस्थित बनाउनका लागि फेमिली हेल्थ फोल्डर डिजिटलाईजेशन कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ ।

५१.पालिकास्तरीय द्रुत उद्धार टोली (आर.आर.टी.) र वडा स्तरीय आर. आर. टी. टीम निर्माण गरी आवश्यक तालिमको व्यवस्था गर्नुको साथै विपद् व्यवस्थापन कार्यलाई सहज बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

५२.लुम्बिनी प्रादेशिक अस्पताल, आम्दा अस्पताल र निजी अस्पताल तथा स्वास्थ्य संस्थाहरुसँग आवश्यक समन्वय सहकार्य गरी स्वास्थ्य परीक्षण कार्यक्रम तथा शिविरहरु सञ्चालन गरिनेछ ।

५३. विभिन्न महामारीजन्य रोगहरुको निदान, रोकथाम तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी र उत्कृष्ट सेवा सम्पादन गर्ने स्वास्थ्य संस्थालाई प्रोत्साहन गरिनेछ ।

५४.एन्टिबायोटिक औषधिका कारण हुने मानिसमा हुने असर (ए.एम.आर.) लाई न्यूनीकरण गर्न सचेतना कार्यक्रमहरु ल्याइने छ ।

५५.महामारीजन्य रोगको संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारमा खटिने स्वास्थ्यकर्मीलगायत कर्मचारीहरुको मनोबल उच्च पार्न विशेष प्रोत्साहनको कार्यक्रम ल्याइने छ ।

५६. सर्ने तथा नसर्ने रोगहरुको परीक्षण तथा उपचारमा सहुलियत प्रदान गर्ने नीति लिइनेछ ।

५७. नियमित खोप, महामारीजन्य रोगविरुद्धका खोपलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै खोप लगाउन छुट भएका नगरबासीलाई खोपको पहुँचमा ल्याइनेछ ।

**राजश्व श्रोत परिचालन तथा वित्त व्यवस्थापन**

५८.'समयमै कर तिर्नु नागरिकको दायित्व मात्र होईन, सम्मान पाउने अवसर पनि हो' भन्ने भावना जगाउन राजस्व संकलन अभियान र करदाता सम्मानजस्ता प्रवद्र्धनात्मक र प्रचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५९.नगरक्षेत्रभित्र सञ्चालन भएका सबै प्रकारका व्यवसायहरुको दर्ता एवं नवीकरणलाई अनिवार्य गर्न अभियान सञ्चालन गरी करको दायरामा ल्याइनेछ ।

६०.विभिन्न कारणले नगरवासीको दैनिक जीवनमा परेको आर्थिक असरलाई मध्यनजर गरी तोकिएको समयावधि भित्र कर दाखिला गर्ने करदाताहरूलाई करमा छुट प्रदान गरिनेछ ।

६१. अव्यवस्थित रूपमा छरिएका ठेला गाडीलाई रात्रीकालीन बजारमा घुम्ती रेष्टुरेण्टका रुपमा सञ्चालन गर्ने नीति लिई सबै प्रकारका गाडीहरु, साइकल, डोका, पोका, झोलाजस्ता साना खुद्रा

व्यवसायीहरूलाई करको दायरामा ल्याइ आवश्यकताअनुसार स्थान तय गरी नगरबाट सञ्चालन अनुमति दिइनेछ । रात्रीकालीन बजारलाई व्यवस्थित गर्ने उदेश्यले ठेला गाडी सञ्चालनमा प्रोत्साहन दिइनेछ । तर, अनुमति नलिई सञ्चालनमा रहेका त्यस्ता व्यवसाय सञ्चालनमा रोक लगाइनेछ ।

६२. भूमिकर, सम्पत्ति कर, पेशा व्यवसाय कर र घरजग्गा बहाल कर लगायतका विभिन्न कर, शुल्क, दस्तुर सफ्टवेयरको माध्यमबाट वडाबाटै असुली भईरहेकोमा सो कार्यलाई थप व्यवस्थित गर्दै करदातामैत्री, प्रविधिमैत्री र प्रभावकारी बनाइने छ ।

६३. विज्ञापन तथा मनोरञ्जन करलाई थप व्यवस्थित गर्दै नयाँ करका क्षेत्रहरु पहिचान गरी करको दायरा फराकिलो बनाइनेछ ।

६४. राजश्वसँग सम्बन्धित कर्मचारीहरूको क्षमता विकास गरी राजश्व प्रशासनलाई सरल, सहज र प्रविधियुक्त बनाईनेछ ।

६५. आय ठेक्का मार्फत् सटर बहालमा लिएका व्यवसायीहरूको ठेक्का सम्झौता भएबमोजिम ३ महिनासम्मको बक्यौता राखी भुक्तानी नगर्ने व्यवसायीहरूलाई पहिलोपटक सचेत गराउने र ३ महिनाको बक्यौता नतिर्नेको सम्झौता रद्द गर्ने र सटर बन्द गर्ने प्रक्रिया अवलम्बन गरी असुल उपर गर्न बाँकी बहाल असुलीका लागि कानुनी प्रक्रिया अपनाईनेछ ।

६६. ईरिक्सा र टेम्पुको नवीकरण र रूट ईजाजत दिने प्रक्रियालाई थप व्यवस्थित र नियमन गर्दै वार्षिक रुट इजाजत दस्तुरलाई परिमार्जन गरिनेछ । आवश्यकताअनुसार थप रूट निर्धारण गरी उपयुक्त भाडादर कायम गरिनेछ । दर्ता नभएका इरिक्सा तथा तीनपांग्रे सवारी साधनलाई बुटवलभित्र सञ्चालनमा रोक लगाउने नीतिलाई थप कडाईका साथ कार्यान्वयन गरिनेछ । तीनपांग्रे सवारी साधनमा जीपीएस प्रणाली तथा क्यामेरा जडान गरी व्यवस्थित गरिनेछ ।

६७. एकल महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्ति इरिक्सा र टेम्पुको सवारी धनी भई स्वयम् चालक भएकाहरुलाई प्रोत्साहन गर्न नवीकरणमा २५ प्रतिशत र स्वरोजगार महिला सवारी धनी र चालकलाई प्रोत्साहन गर्न नवीकरणमा १५ प्रतिशत छुट दिइनेछ ।

६८. आफै वा सगोल (एकाघर सदस्य) ले नगरपालिकालाई बुझाउनुपर्ने कर, शुल्क, दस्तुर समयमा भुक्तान नगरी बक्यौता राख्ने करदातालाई प्रदान गरिने कुनैपनि सिफारिश, सेवा, सुविधा रोक्का गर्न सकिने व्यवस्था मिलाइनेछ । साथै, सिफारिस दिनु पूर्व कर, शुल्क, दस्तुर बुझाउन प्रेरित गर्दै आफ्नो घर/जग्गामा उद्योग व्यवसाय सञ्चालन गर्न बहालमा दिएमा उक्त व्यवसायको दर्ता एवं नवीकरण अनिवार्य गर्न लगाई घर/जग्गाधनीलाई सिफारिस प्रदान गरिने छ ।

६९. योजनाहरूको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरू र योजनाबाट लाभान्वित उपभोक्ताहरूलाई आफूले बुझाउनु पर्ने बक्यौता भूमिकर, सम्पत्तिकर, व्यवसाय कर र बहालकर चुक्ता गर्न अनिवार्य गरिनेछ ।

७०. नगरको स्वामित्व, संरक्षण वा भोगाधिकारमा रहेको भवन, जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रूपमा परिचालन गरिने छ ।

७१.नदीजन्य पदार्थ, ढुंगा, माटो, खनिज, वनजन्य लगायतका प्राकृतिक श्रोतहरुको विधिसम्मत अधिकतम उपयोग गरी आयश्रोत वृद्धि गरिनेछ । अवैध चोरी निकासी गर्ने र दोहन गर्ने कार्यलाई कडाई गरिनेछ । नगरको सीमासम्बन्धी अलमल भएका स्थानहरुमा आवश्यकताअनुसार समन्वय गरी समाधान गरिनेछ ।

७२. नगरको विकास निर्माण तथा सेवा सुविधा प्रवाह गर्न आवश्यक पर्ने वित्तीय श्रोतको कमीलाई पूर्ति गर्न संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार तथा संघ–संस्था र निजी क्षेत्र एवं नागरिक समाज लगायत सबै सम्भाव्य आन्तरिक एवं बाह्य क्षेत्रसँग समन्वय र सहकार्य गरी श्रोतको अधिकतम परिचालन गरिनेछ ।

७३. विद्युतीय भुक्तानी प्रणाली तथा विद्युतीय भुक्तानी हस्तान्तरणलाई थप प्रभावकारी र सेवाग्राहीमैत्री बनाउँदै करदातालाई विद्युतीय माध्यमबाट कर तिर्ने बानीको विकास गर्दै लगिनेछ ।

७४.नगर क्षेत्रभित्र सञ्चालन भएका हाटबजारहरूको पूर्वाधार विकास र सुदृढीकरण गर्दै सडक क्षेत्रको व्यापार व्यवसायलाई निरुत्साहित गर्दै हाटबजारमा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

७५.अव्यवस्थित बसोबास क्षेत्रमा आधारभूत सेवाप्रवाहलाई थप व्यवस्थित गर्न त्यस्ता क्षेत्रमा निर्मित संरचनाहरु घर, टहरामा गरिने पेशा व्यवसायमा व्यवसाय कर र संरचना बहालमा बहाल कर असुली गर्ने नीति अबलम्बन गर्दै करको दायरामा ल्याइनेछ । राजस्व वृद्धिका लागि राजस्व शाखा अन्तरगत स्पेशल टास्क फोर्स गठन गरी नियमित रुपमा अनुगमन र राजस्व संकलन अभियान सञ्चालन गरिनेछ ।

७६.आन्तरिक खर्च नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाइ भुक्तानी सन्तुलन कायम राखिनेछ । विगत लामो समयदेखि फस्र्यौट नभएको बेरुजु, असुली र अनियमित खर्चलाई कानुनबमोजिम फस्र्यौट गर्दै आर्थिक पारदर्शितालाई सबल बनाउन आन्तरिक लेखा परीक्षणमा विशेष जनशक्ति परिचालन गरिनेछ ।

७७.राजश्व परिचालन गर्दा सार्वजनिक निजी साझेदारी अवधारणालाई प्राथमिकता दिईनेछ ।

७८. राजश्वका सबै सम्भाव्य श्रोतहरूको पहिचान गर्न सम्भाव्यता अध्ययन गरी सोहीअनुसार कार्यान्वयन गरिनेछ । एजुकेशन कन्सल्टेन्सी, वैदेशिक रोजगार व्यवसाय, संघ र प्रदेशमा दर्ता भएका सहकारीहरुजस्ता दर्ता तथा सूचीकृत नभई सञ्चालनमा रहेका विभिन्न क्षेत्रका व्यवसायलाई सूचीकृत हुन अनिवार्य गर्दै नियमन गरिने छ ।

७९.लुम्बिनी बस टर्मिनललाई सुदृढीकरणलाई मुख्य प्राथमिकतामा राख्दै यात्रु सेवामैत्री बनाउन विद्युत, शुद्ध खानेपानी, व्यवस्थित खाजा घर, सफा शौचालय र स्नानघर, निःशुल्क वाईफाई, सुरक्षित विश्रामस्थल निर्माण गरी सुविधासम्पन्न बसपार्क बनाइनेछ ।

८०. बुटवलको मुख्य सडकक्षेत्रलाई व्यवस्थित र बहुउपयोगी बनाउन पैदलयात्री लेन, साइकल लेन, पार्किङ लेन निर्धारण गरी आवश्यकता अनुसार स–साना पार्क, विश्राम चौतारी, सार्वजनिक शौचालय, पिउने पानीको व्यवस्था थप गरी आवश्यकताअनुसार पार्किङ क्षेत्रहरु तोकिनेछ । पूराना चौतारीहरुको स्तरोन्नति तथा मर्मत गरी विश्रामस्थलका रुपमा सञ्चालन गरिनेछ ।

८१. निजी र सार्वजनिक जग्गाको खोजी गरी वडा नं ं १ देखि ११ सम्मका खाली जग्गाहरुलाई सम्बन्धित जग्गाधनी, संघसंस्थासँग समन्वय गरी पार्किङ क्षेत्रको रुपमा प्रयोग गरिनेछ ।

८२.व्यावसायिक संघ संस्थाहरूलाई प्रोत्साहन गर्न बुटवलमा व्यवसायी सम्मेलन आयोजना गरिनेछ । साथै, व्यवसायिक संघसंस्था मातहतमा रहेका सदस्य उद्योगी व्यवसायीहरूलाई अनिवार्य रूपमा नगरमा व्यवसाय दर्ता गर्ने गराउने दायित्व निर्वाह गर्न प्रेरित गरिनेछ ।

८३. मुख्य बजार क्षेत्रमा चर्को घर बहाल रकमका कारण व्यवसायी विस्थापित हुनबाट रोक्न घरबहाल निर्धारणका लागि घरधनी, व्यवसायिक संघ संस्थाहरू, घरवहाल सरोकार संघ लगायतका सरोकारवालाहरूसँग छलफल गरी बहाल रकम समयअनुकुल बनाउन आवश्यक पहल गरिनेछ ।

८४.नगरक्षेत्रभित्रका बैंक, वित्तीय संस्था, लघुवित्त संस्था, सहकारी र बीमा कम्पनीहरूलाई नगरभित्रै सामाजिक उत्तरदायित्वमा आधारित परिणाममुखी लगानी, आर्थिक अनुशासन तथा रोजगारी प्रर्वद्धनमा योगदान गर्न र वित्तीय साक्षरता अभियान सञ्चालन गर्न प्रोत्साहित गरिने छ । सामाजिक उत्तरदायित्वमा आधारित कार्य गर्दा नगरसँग समन्वय गरी एकद्वार प्रणालीबाट कार्यक्रम गर्न अनिवार्य गरिनेछ ।

८५.बुटवल उपमहानगरपालिका वडा नं. १० रामनगर स्थित बुटवल औद्योगिक क्षेत्रभित्र रहेका उद्योग व्यवसायहरूलाई नगरमा अनिवार्य रुपमा दर्ता गरी करको दायरामा ल्याइनेछ र बुटवल औद्योगिक क्षेत्रको एकीकृत सम्पत्ति कर र बहाल कर असुली गरिनेछ ।

८६.नगरको गौरवको रूपमा रहेको अटो भिलेज, ट्रान्सपोर्ट सिटी, कृषि उपज थोक बजार केन्द्रमा व्यापार व्यवसाय गर्ने व्यवसायीहरूको उद्यमशीलता र हक हित प्रवद्र्धन गर्न तथा त्यस क्षेत्रको आधारभूत पूर्वाधार निर्माणका लागि व्यवसायिक संघ संगठनहरूको समन्वयमा सार्वजनिक निजी साझेदारीमा आधारित सहकार्य गरिनेछ ।

८७. कवाड (पूनः प्रयोग योग्य वस्तु) को व्यवस्थित गर्न छुट्टै कवाड व्यवस्थित क्षेत्र निर्धारण गरी सबै कवाड व्यवसायहरुलाई करको दायरामा ल्याइनेछ ।

८८.नगरका पूराना र उपयोगविहिन मालसामानलाई आवश्यकताअनुसार लिलाम बिक्री गरी राजश्व वृद्धिको नीति लिइनेछ ।

८९.विभिन्न मितिहरुमा विभिन्न संघसंस्थाहरुसँग गरिएका सम्झौताहरुलाई समय सापेक्षित रुपमा पुनरावलोकन तथा खारेज गर्ने नीति लिइनेछ ।

९०.नगरक्षेत्र भित्र सञ्चालनमा रहेका ई–रिक्सा, टेम्पो, बस र अन्य सार्वजनिक सवारी साधनहरुको सेवाको गुणस्तर र भाडा दरको अनुगमन गरी व्यवस्थित गरिनेछ ।

९१.नगरक्षेत्रभित्र सार्वजनिक स्थानमा निर्माण भएका सामाजिक संस्थाहरु र सामाजिक संस्थाहरुले बहालमा लगाएका संरचनाहरुको बहालकर नगरबाट असुल गरी व्यवस्थित गर्ने नीति लिइनेछ ।

९२.बुटवल उपमहानगरपालिकाबाट रुट इजाजत अनुमति प्राप्त ई रिक्सा/टेम्पुहरुमा बुटवलको पूरातात्विक, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय पहिचान झल्कने प्रचार सामग्रीसहित एउटै रंगका बनाउन अनिवार्य गरिनेछ । त्यसरी प्रचार सामग्री राख्नका लागि इरिक्सा चालकहरुलाई प्रोत्साहन गरिने छ ।

९३.आधुनिक प्रविधिको उपयोग गरी बुटवल उपमहानगरपालिकाबाट रुट इजाजत अनुमति प्राप्त गरेका ई रिक्सा/टेम्पुहरुको तथ्याङ्क अभिलेखीकरणलाई निरन्तरता दिइनेछ ।

९४. निजी क्षेत्रबाट सञ्चालित राईड सेयरिङ सेवामा आकर्षण ल्याउदै नगरको ट्राफिक जामलाई व्यवस्थित गर्न आवश्यक नीति लिइनेछ । आवश्यक स्थानमा एकतर्फी सवारी सञ्चालन तथा नो भेहिकल जोनका रुपमा स्थापित गर्ने नीति लिइनेछ ।

९५.बुटवलदेखि यस क्षेत्रका मुख्य पर्यटकीय स्थलहरु लुम्बिनी, देवदह, कपिलवस्तुको तिलौराकोट, नवलपरासीको रामग्रामलगायतका स्थानहरुमा नियमित रुपमा सार्वजनिक सवारी साधनहरु सञ्चालन गर्नका लागि आवश्यक नीति लिइनेछ ।

९६.धेरै सीट क्षमताका विद्युतीय सवारी साधन सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक नीति लिइनेछ । नगरभित्र सञ्चालन हुने सवारीलाई थप सुरक्षित र व्यवस्थित बनाउन सवारी साधन चालकले अनिवार्य रुपमा तोकिएको पोशाक र परिचय पत्र लगाउने, सवारीमा देखिने गरी पूणर् जानकारी राख्ने र फोहोरका लागि डष्टविन राख्नुपर्ने, जीपीएस र क्यामेरा राख्नुपर्ने नीति लिइनेछ ।

**कानुन, स्थानीय सेवा, सुशासन र मानवअधिकार प्रवद्र्धन**

९७. संविधानबमोजिम स्थानीय सरकारका एकल अधिकार र कानून निर्माण गर्नुपर्ने क्षेत्रहरु पहिचान गर्ने र सोहीअनुसार आवश्यक कानून निर्माणमा जोड दिइने छ । साझा अधिकारका सन्दर्भमा निर्माण हुन बाँकी रहेका कानुनहरु निर्माणका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

९८. कर्मचारी संगठनलाई अनुशासित, मर्यादित तथा जवाफदेही, मितव्ययी, कार्यकुशल र चुस्त दुरुस्त राख्न कर्मचारीको क्षमता र क्रियाशीलताका आधारमा व्यवस्थित गर्दै गुण र दोषअनुसार पुरस्कृत र दण्डित गर्ने व्यवस्था गरिनेछ । सेवाग्राहीको काममा ढिलासुस्ती गर्ने र अनावश्यक झन्झट सिर्जना गर्ने कर्मचारीलाई जवाफदेही बनाउँदै आवश्यकताअनुसार जिम्मेवारी हेरफेरको नीति अबलम्बन गरिनेछ । रिक्त पदहरुमा कानुनबमोजिम कर्मचारीको पदपूर्ति गरिनेछ ।

९९. विगतमा गरिएको ओ एण्ड एम सर्भे (संगठन र व्यवस्थापन सर्भेक्षण) अनुसारको संगठन स्वरुप महाशाखा र शाखाहरुलाई कामको प्रकृति र जिम्मेवारीका आधारमा आवश्यकताअनुसार मिलान गरिनेछ । कर्मचारीहरुलाई थप जिम्मेवार र जवाफदेही बनाउन आफुले सम्पादन गरेको काम कारबाहीहरुको स्वमूल्यांकन समेत हुनेगरी मासिक कार्य प्रगति रिपोर्ट कार्यालय प्रमुख समक्ष र कार्यालय प्रमुखमार्फत नगरप्रमुखसमक्ष पेश गर्ने व्यवस्था मिलाईनेछ ।

१००. राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा विभिन्न नगरसँगको भगिनी सम्बन्ध कायम गर्दै ज्ञान, सीप, पूँजी र प्रविधिलाई सामाजिक, आर्थिक, मानव संशाधन तथा भौतिक विकासमा उपयोग गर्ने नीति लिइने छ ।

१०१. सेवा प्रवाहलाई थप सरल, सहज र गुनासोरहित बनाउन सेवा प्रणालीलाई छिटो छरितो र डिजिटल प्रणालीबाट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१०२. शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्न नगर प्रहरी ऐन र कार्यविधिलाई समय सापेक्ष बनाइने छ । नगरप्रहरी तथा वारुणयन्त्रतर्फको जनशक्तिलाई आधुनिक प्रविधियुक्त बनाइने छ । सडक क्षेत्रको पार्किङ, दर्ता विनाका इरिक्सा र ठेला नियन्त्रण गर्न तथा फुटपाथलाई व्यवस्थित गर्न र नगरका आयोजना, कार्यक्रम कार्यान्वयनका लागि नगर प्रहरी बललाई नियमित रुपमा साइकल तथा मोटरसाइकलमा गस्ती गर्ने व्यवस्था मिलाइनेछ । बुटवलका मुख्य मुख्य नाका तथा आवश्यक स्थानमा नगर प्रहरी बलका प्रहरी चौकी स्थापना गरिनेछ ।

१०३.नगरकार्यपालिकाको कार्यालय र अन्तरगतका कार्यालयहरुबाट प्रवाह हुने सेवालाई सेवाग्राहीमैत्री बनाउन सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, सुझाव संकलनजस्ता नागरिकसँगका छलफल र अन्तरक्रियालाई थप व्यवस्थित र नियमित बनाइनेछ ।

१०४.नगरभित्र संघ र प्रदेश सरकार वा संघसंस्थाले गर्ने योजना तथा कार्यक्रमको अनुगमन, नियमन र समन्वय गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ । बुटवलभित्र रहेका सरकारी कार्यालयहरुबाट हुने सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि समन्वय तथा सहकार्य गरिनेछ ।

१०५. भ्रष्टाचार शुन्य सहनशीलताको नीति अवलम्बन गरी सुशासन कायम राखिनेछ ।

१०६. नगरभित्र शान्ति सुरक्षा व्यवस्था कायम राख्न आवश्यकतानुसार संघ र प्रदेश सरकारका सुरक्षा निकायसँग सहकार्य गरी जितगढी किल्ला, रानीगञ्ज र अन्य आवश्यक स्थानमा थप प्रहरी चौकी स्थापना गर्न पहल गरिनेछ ।

१०७. स्थानीय सरकारलाई अब्बल बनाउने उदेश्यका साथ राजनीतिक दल, पूर्व जनप्रतिनिधि तथा प्रमुखका उपबिजेताहरु, छिमेकी स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सम्बन्धित विषय विज्ञहरुसँग अनुभव आदानप्रदान गर्ने र विकासका साझा सवालमा समन्वय र सहकार्य गरिनेछ ।

१०८. संघीयता कार्यान्वयनका सन्दर्भमा देखिएका जटिलता र चुनौती तथा अधिकार कार्यान्वयनका सम्बन्धमा देखिएका संवादहिनताको अन्त्य गर्न संघ, प्रदेश र स्थानीय सरकारहरुका बीचमा समन्वय तथा सहकार्यका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

१०९.वडास्तरका योजना तथा कार्यक्रमको कार्यसम्पादन गर्ने, अनुगमन गर्ने, मूल्यांकन गर्ने जस्ता कार्य वडाबाटै गर्ने र नगरस्तरीय योजना तथा कार्यक्रमको स्वामित्व वडामा रहने व्यवस्था मिलाइनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने वडालाई मापदण्ड तय गरी उत्कृष्ट वडा घोषणा गरिनेछ ।

११०. नगरस्तरीय बजेट नगरप्रमुखको सिफारिशबाट मात्रै आवश्यकता र प्राथमिकताका आधारमा संसोधन गर्ने नीति अबलम्बन गरिनेछ । नगरीस्तरीय योजना लागू गर्ने सन्दर्भमा परिवर्तन गर्न र संसोधन गर्न प्रमुखको सिफारिश अनिवार्य गरिनेछ ।

१११. बुटवल उपमहानगरपालिकामा रहेको न्यायिक समितिको प्रयास र आपसी समझदारीमा मेलमिलापको माध्यमबाट विवाद निरुपण गराई विवादित पक्षहरुबीच सामाजिक सद्भाव र सहिष्णुता कायम राखिने छ ।

११२. न्यायमा सर्वसाधारणको पहँुच वृद्धि गर्न र विवादरहित, हिसांरहित न्यायोचित समाज निर्माण गर्न वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

११३. मेलमिलापकर्ताहरुलाई वडास्तरमा परिचालन गरी वडातहमा भएका विवाद, समस्यालाई समाधान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११४. नगरभित्र बाल अधिकार, महिला अधिकार तथा मानव अधिकार संरक्षण गर्नका लागि आवश्यक नीति अबलम्बन गरिनेछ । नगरलाई विपन्न वर्ग, दलित, महिला, अल्पसंख्यक, मुस्लिम, आदिवासी जनजाति, मधेशी, थारु समुदायको हितमा हुने गरी क्षमता विकास तथा आत्मनिर्भरमुखी कार्यक्रम सञ्चालनको नीति लिइनेछ ।

**सूचना तथा सञ्चार प्रविधि**

११५. डिजिटल पालिका र ई–पालिकाको अवधारणा अबलम्बन गरी सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमुखी बनाइनेछ ।

११६. उपमहानगरपालिका सम्बद्ध सूचना तथा तथ्यांकलाई एकीकृत र व्यवस्थित गर्न डाटा बैंकको स्थापना गरिनेछ ।

११७. नगरका हरेक गतिविधिलाई नगरबासीसमक्ष पुर्‍याउन आमसञ्चार माध्यम, सामाजिक सञ्जाल र आधुनिक प्रविधिको अधिकतम उपयोग गर्ने नीति लिइनेछ ।

११८. पत्रकारितामा अब्बल मानिने यस क्षेत्रको पहिचानलाई थप स्थापित गर्न मिडिया सम्मेलन, रिपोर्टर फेस्टिबलजस्ता प्रवद्र्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित संघसंस्थाहरुसँग सहकार्य गरिनेछ ।

११९. सञ्चार क्षेत्रमा देखिएको आर्थिक संकटलाई न्यूनीकरण गर्न सम्बन्धित क्षेत्रका संस्थाहरुको सहकार्यमा सञ्चार क्षेत्रहरुलाई सबल बनाउने र राहत प्रदान गर्ने गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२०. संघ र प्रदेशमा दर्ता भई नगरभित्र सञ्चालनमा रहेका रेडियो, पत्रपत्रिका, टेलिभिजन, अनलाईन सञ्चार माध्यम, विज्ञापन एजेन्सी जस्ता सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित संस्थाहरुलाई नगरमा सूचीकृत गरी राजश्वको दायरामा ल्याउँदै प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१२१. जनतालाई सुसूचित गर्न नगरका गतिविधिलाई थप व्यवस्थित गर्नका लागि एफएम रेडियो सञ्चालन गरिनेछ र मुखपत्रलाई नियमित र डिजिटल बनाउने नीति अबलम्बन गरिनेछ ।

१२२. संविधानप्रदत्त अधिकारबमोजिम सञ्चार माध्यमको दर्ता तथा सूचीकृत गर्दै आवश्यक नियमन तथा व्यवस्थापन गर्नका लागि सञ्चार नीति तथा ऐन तर्जुमा गरिनेछ ।

१२३. नगरको विविध क्षेत्रको प्रवद्र्धनका लागि पुस्तक, वृत्तचित्र, नाटक, गीतसंगीत र चलचित्र निर्मातालाई सामग्री उत्पादनमा प्रोत्साहित गरिने छ ।

१२४. सूचना प्रविधिको प्रयोगबाट जनतामा सूचनाको पहुँच बढाउन वेबसाइट, मोबाइल एप, डिजिटल डिस्प्ले र च्याटबटलाई थप प्रभावकारी बनाइनेछ ।

१२५. नगरको सौन्दर्यलाई कायम राख्दै विभिन्न स्थानमा होर्डिङ बोर्ड, विद्युतीय डिस्प्ले, विज्ञापन टावर, भित्ते लेखन र उच्च बेलुन जस्ता बाह्य विज्ञापन प्रदर्शन गर्न, राख्न वा जडान गर्न अनुमति दिदै विज्ञापन नीतिअनुसार कार्यान्वयन गरिने छ ।

१२६. नगरभित्र कार्यालय स्थापना गरी सञ्चालन हुने केवल टेलिभिजन, इन्टरनेट सेवाजस्ता सबै प्रकारका सञ्चार सेवा प्रदायक संस्थाहरुलाई दर्ता, सूचीकृत र नियमन गर्ने नीति लिई सार्वजनिक स्थल कुरुप देखिने गरी राखिएका अनावश्यक तारहरु वडास्तरबाटै नियमन गरी हटाउने अभियानलाई निरन्तरता दिइनेछ ।

१२७. सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट प्रवाह हुने मिथ्या सूचना न्यूनीकरण गर्न डिजिटल साक्षरतासम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२८. नगरका सबै वडा कार्यालय, स्वास्थ्य केन्द्रहरु, मुख्य सार्वजनिक स्थलहरु तथा अन्य पर्यटकीय महत्वका क्षेत्रहरुमा इन्टरनेट र आइपीटीभी सेवा विस्तार तथा फ्री वाईफाई जोन बनाइनेछ ।

१२९. सञ्चार माध्यमहरुलाई एकीकृत रुपमा सञ्चालन गर्ने गरी सञ्चारग्रामको अवधारणालाई कार्यान्वयन गर्न पहल गरिनेछ ।

## युवा तथा खेलकुद

१३०. खेलकुदका लागि पूर्वाधारहरु विकास गर्नुका साथै खेलाडीहरुलाई उत्साहित र क्रियाशील बनाउने खालका विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

१३१. खेलाडी उत्पादनमा जोड दिदै नगरका विद्यालयहरुका बीचमा विद्यालयस्तरीय मेयर कप फुटबल प्रतियोगिता कार्यक्रमलाई नगरकै प्रमुख खेलका रुपमा निरन्तरता दिइनेछ ।

१३२. बुटवल उपमहानगरपालिकाको संरक्षकत्वमा रहेको तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको सञ्चालन र व्यवस्थापनका सम्बन्धमा पुनःविचार गरी नियमित र व्यवस्थित गरिनेछ ।

१३३. विभिन्न खेल विधामा नयाँ खेलाडी, खेलकुद शिक्षक/प्रशिक्षक, रेफ्री, अम्पायरहरु उत्पादन गर्न तथा पूराना खेलाडी र प्रशिक्षकको क्षमता विकास गर्न प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिनेछ । एन्फा एकेडेमीलाई थप व्यवस्थित गर्दै नियमित सञ्चालनको नीति लिइनेछ ।

१३४. नगरभित्रका विभिन्न खेल मैदानहरुको आवश्यकताअनुसार स्तरोन्नति गर्दै नयाँ खेल मैदान पहिचान गरी आवश्यक संरचनाहरु निर्माण गरिने छ ।

१३५. विभिन्न विधाका खेलहरुमा बुटवल उपमहानगरपालिकाको तर्फबाट सहभागी हुने टीमहरु छनोट गरी आवश्यक सेवासुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ । क्रिकेट खेल र फुटबल खेलमा प्रशिक्षण लिने खेलाडीहरु छनोट गरी उनीहरुको अध्ययन र प्रशिक्षण खर्च नगरले बेहोर्ने नीति अबलम्बन गरिने छ ।

१३६. वडा नं.१३ को जबईमा राष्ट्रियस्तरको फुटबल खेलमैदान र बुटवल १६को डहरगाउँमा क्रिकेट रंगशाला निर्माण गर्न प्रदेश र संघ सरकारसँग पहल गरिनेछ ।

१३७. किशोर अवस्थाका युवा विद्यार्थी वर्गलाई लक्षित गरी लागू पदार्थ दुव्र्यसनीमुक्त गर्न सुधारात्मक र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१३८. युवा क्लब गठन, नमूना युवा संसद स्थापना र अभ्यास कार्यक्रमद्वारा युवाहरुको क्षमता विकास तथा उद्यमशीलताको विकास गरिनेछ ।

१३९. बुटवल नगरस्तरीय वीपी कोइराला फुटबल, सन्तनेता कृष्णप्रसाद भट्टराई स्मृति कप, जी.पी कोईराला महिला भलिबल, मनमोहन स्मृति कप, मदन भण्डारी स्मृति कप, शैलजा साहना महिला भलिबल प्रतियोगिता, शहीद स्मृति कप प्रतियोगिता र कणर्ेल उजिरसिंह ब्याडमिन्टन, जनप्रतिनिधि र पेशागत संस्थाहरुका बीचमा खेलकुद कार्यक्रमलगायतका विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।

१४०. अन्तरराष्ट्रिय, राष्ट्रिय र प्रदेशस्तरका खेलकुद कार्यक्रममा उत्कृष्ट स्थान हासिल गरेका खेलाडी र प्रशिक्षकलाई प्रोत्साहन गरिनेछ ।

१४१. खेलाडी उत्पादनलाई तीब्रता दिन स्पोर्टस् ट्रेनिङ सेन्टरहरु स्थापना र सञ्चालनमा प्रोत्साहन गरिनेछ । परम्परागत खेलकुदहरु आर्चरी, डण्डिबियो, तारा हान्ने खेल जस्ता खेललाई प्रोत्साहन गरिनेछ ।

१४२. मुख्यमुख्य खेलहरुका लागि नगरको आफ्नै खेलकुद टीम तयार गरी सहभागी हुने गरी आवश्यक नीति लिइनेछ ।

१४३. नगर खेलकुद विकास समितिलाई थप व्यवस्थित गर्दै बुटवललाई खेल पर्यटनका रुपमा विकास गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

## खानेपानी तथा सरसफाई

१४४. नगर भित्रको फोहोरको संकलन र विसर्जनलाई व्यवस्थित बनाउन साझेदार संस्थाहरुसँग सहकार्य गरी प्रविधिको उपयोगलाई प्राथमिकता दिईने छ ।

१४५. नगरको फोहोर व्यवस्थापन एवं सरसफाई कार्यमा सामुदायिक संघसंस्था, सहकारी, स्वयम्सेवी संस्थाहरु, टोल विकास संस्था, स्थानीय टोल समुदाय र निजी क्षेत्रलाई उत्प्रेरित गरिनेछ ।

१४६. सामुदायिक कम्पोष्ट प्लान्ट/फोहोर प्रशोधन केन्द्र तथा व्यवस्थापन स्थल निर्माण एवं सञ्चालनलाई प्राथमिकता दिदै आवश्यकताअनुसार साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१४७. नगरभित्रका मुख्य चोक, चौराहा र अन्य आवश्यक स्थानमा फिल्टरसहितको शुद्ध पिउनेपानी र सार्वजनिक शौचालय निर्माण तथा सञ्चालनलाई प्राथमिकता दिइनेछ ।

१४८. बुटवललाई पोलिथिनमुक्त क्षेत्र बनाउनका लागि आवश्यक नीति अबलम्बन गरिनेछ । सरसफाई क्षेत्रमा काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ ।

१४९. फोहोर उत्पादनमा कमी ल्याउन र उत्पादन तहमा नै व्यवस्थापन गर्न सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१५०. बेवारिसे शव र मृत छाडा पशुचौपायाको उचित व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ ।

१५१. जथाभावी सार्वजनिक स्थलमा फोहोरमैला फाल्नेलाई दण्ड जरिवाना गर्दै फोहोरमैला व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने व्यक्ति वा संस्थालाई पुरस्कृत गरिनेछ । घरअगाडि फोहोर थुप्रो बनाई नगर दुर्घन्धित बनाउनेलाई जरिवाना गरिनेछ ।

१५२. 'मेरो टोल म सफा गर्छु' भन्ने नाराका साथ ग्रीन एण्ड क्लिन सिटी बनाउन टोलको सरसफाइको पहिलो जिम्मेवारी वडाको समन्वयमा टोल विकास संस्थालाई दिदै प्रोत्साहन गरिनेछ । सडक वा सार्वजनिक क्षेत्रमा फोहोर फाल्नेलाई जरिवाना गर्दै जरिवानाको रकममध्येबाट ५० प्रतिशत रकम टोल विकास संस्थालाई दिने व्यवस्था मिलाइनेछ । सरसफाईमा विशेष प्राथमिकता दिनेलाई पुरस्कृत गर्ने र सरसफाईमा चासो नदिने टोल विकास संस्थालाई आवश्यक कारबाही गर्ने नीति लिइनेछ ।

१५३. हाटबजार क्षेत्र तथा अन्य क्षेत्रमा व्यापार व्यवसाय गर्ने व्यवसायीहरुले उत्पादन गरेको फोहोर आफै व्यवस्थापन गर्न अनिवार्य गरिनेछ ।

१५४. घरबाट उत्पादन हुने फोहोरको वर्गीकरण गर्न तथा फोहोरमैला व्यवस्थापनमा घरपरिवारलाई थप उत्तरदायी बनाउन सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

१५५. नगरभित्रका नदीनाला, खोला, कुलो, सडक, गल्ली, नालीलगायतको सरसफाई गर्न वडाहरुको समन्वयमा नियमित अभियान सञ्चालन गरिनेछ ।

१५६. नगर क्षेत्रभित्र रहेका पेट्रोल पम्पहरुमा सर्वसाधारणले प्रयोग गर्न पाउने गरी शौचालयको अनिवार्य व्यवस्था गर्न सम्बन्धित व्यवसायी तथा पेट्रोलियम व्यवसायीहरुसँग सहकार्य गरिनेछ ।

१५७. आवश्यकताअनुसार क्षेत्र पहिचान गरी आधुनिक र व्यवस्थित फोहोर प्रशोधन केन्द्र निर्माण गरिने छ । नगरको सरसफाई र फोहोर मैला व्यवस्थापन तथा बिक्री गर्ने नीति लिइनेछ ।

## अनुगमन तथा मूल्याङ्कन

१५८.आधुनिक पशु बधशाला सञ्चालनमा आइसकेकाले मासुसम्बन्धी ऐन नियमबमोजिम मासुको बिक्री वितरण र व्यवस्थापनलाई कडाईका साथ लागू गरी बधशालालाई व्यवस्थित बनाउँदै यसको क्षेत्र विस्तार गरिनेछ । बधशालाको मासु उपभोग तथा बिक्री गर्ने मासु पसल, होटल, रेष्टुरेण्ट र अन्य व्यवसायलाई प्रोत्साहनको नीति लिइनेछ । पशु बधशालाभन्दा बाहिर खसीबोका बध गर्ने कार्यलाई कानुनबमोजिम रोक लगाउँदै मासु उपभोक्ताको हितमा साक्षरता अभियान सञ्चालन गरिनेछ ।

१५९.बुटवलभित्र सञ्चालित होटल, रेष्टुरेण्ट, मासु पसल, खाद्यसामग्री बिक्री केन्द्र, औषधि पसल तथा स्वास्थ्य सेवा प्रदायक संस्थाहरुजस्ता सेवा र वस्तुको बिक्री गर्ने संस्थाहरुको अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

१६०.उपभोक्ताको हितलाई ध्यानमा राख्दै सचेतना कार्यक्रमहरु सञ्चालन गर्नुका साथै बजार अनुगमनका क्रममा बजार क्षेत्रमा फेला पर्ने लापरबाहीजन्य व्यवहार तथा कमजोरीलाई न्यूनीकरण गर्न दण्ड जरिवानालाई कडाईका साथ लागू गरिनेछ ।

१६१. नियमित बजार अनुगमन र नियमन गर्ने कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गरी उपभोक्ता हित प्रवद्र्धन गरिनेछ ।

१६२. अनुगमन कार्यका लागि मापनयोग्य सूचक तयार गरी स्वीकृत सबै योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने नीति लिइनेछ ।

## महिला बालबालिका तथा समावेशीकरण

१६३. बुटवलका गृहिणी महिलाहरुलाई रोजगारसँग जोड्दै स्वरोजगार बनाउन नगरप्रमुख गृहिणी महिला रोजगार कार्यक्रमअन्तरगत उत्पादित वस्तुको उत्पादन र बिक्री केन्द्र (कोशेली घर) स्थापनामा जोड दिइनेछ । त्यसरी उत्पादन भएका सामग्रीलाई नगरको चिनोका रुपमा उपयोग गर्ने नीति लिइनेछ । गृहिणी महिलाहरुलाई एकजुट बनाई सीप र व्यवसायका माध्यमबाट आर्थिक उपार्जनमा अगुवाई गर्ने नीति लिइनेछ । गृहणी महिला रोजगार कार्यक्रमअन्तरगत टोल, वडा र नगरस्तरीय सञ्जाल र सीप तथा रोजगार परिषद् गठनको नीति लिइनेछ ।

१६४. महिलाहरुलाई राजनीति र सामाजिक क्षेत्रमा प्रोत्साहन गर्न मंगलादेवी, शैलजा आचार्य, साहना प्रधान, साधना प्रधान अधिकारीजस्ता महिला नेतृहरुका नाममा स्मृति प्रतिष्ठान स्थापना गरी महिलाहरुको नेतृत्व विकास तथा क्षमता विकासमा जोड दिइने छ ।

१६५.असहाय तथा एकल महिलाहरुलाई आत्मनिर्भर र स्वरोजगार बन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । उपप्रमुख महिला आत्मनिर्भर कार्यक्रममार्फत उद्यमी महिलाहरुलाई आत्मनिर्भर बनाउने नीति लिइने छ ।

१६६. नगरलाई लैंगिक हिंसामुक्त, बालमैत्री र विभेदमुक्त शहर बनाइनेछ । स्थानीय बालमैत्री शासन कायम राख्दै बालक्लब पुनःगठन गरी बालमैत्री वडा घोषणा गरिने छ ।

१६७. लैंगिक हिंसा पीडित महिलाहरुको लागि अल्पकालीन आश्रयस्थलको व्यवस्थापन गर्दै उनीहरुलाई सीपमूलक कार्यक्रममा आवद्ध गरिने छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरण बजेट विश्लेषण र तर्जुमा प्रणाली अवलम्बन र कार्यान्वयन गरिनेछ ।

१६८. नगरका नीति निर्माणको तहमा महिला, बालबालिका, अल्पसंख्यक समुदाय तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई मुल प्रवाहमा ल्याउनका लागि आवश्यक नीति अबलम्बन गरिनेछ । किशोरी जागरण र जीवनउपयोगी सीप सम्बन्धी कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१६९. जेष्ठ नागरिकका अनुभव आदानप्रदान गर्ने अवसरको सिर्जना गरी नगरको हितमा उपयोग गर्ने नीति लिइनेछ । बालबालिकासँग उपप्रमुख कार्यक्रम सञ्चालन गरिनेछ ।

१७०. महिलाहरुको मनोबल उच्च राख्दै सम्बन्धित क्षेत्रमा अगुवाई गर्नका लागि प्रोत्साहनस्वरुप सामाजिक, व्यवसायिक र राजनीतिक क्षेत्रका अगुवा महिलाहरुलाई सम्मान गर्ने नीति लिइनेछ ।

१७१.दीगो विकास लक्ष्य स्थानीयकरण कार्ययोजना कार्यान्वयन गरिनेछ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

१७२. असहाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सामग्री सहयोग कार्यक्रम तथा मनोसामाजिक परामर्श सेवा दिइनेछ ।

१७३. अपाङ्गता परिचयपत्र वितरण अभिलेख कार्यलाई विद्युतीय प्रणाली तथा अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक प्रविष्ट तथा प्रतिवेदन कार्यमा टेवा पुऱ्याइनेछ ।

१७४. अति अशक्त र पूणर् अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै गएर स्वास्थ्य सामग्रीहरु वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई सीप विकास सम्बन्धी तालिम सञ्चालन गरी आयआर्जनको क्षेत्रमा टेवा पुऱ्याइनेछ ।

१७५. सामाजिक सुरक्षा तथा पञ्जीकरणका कार्यहरुलाई एम.आई.एस.प्रणालीमा अद्यावधिक गरी प्रभावकारी बनाउन आवश्यक समन्वय गरिनेछ ।

१७६. मध्यम वर्गका अपाङ्गता परिचयपत्र भएका व्यक्तिहरुको लागि आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । 'ग' वर्गको पहेलो परिचयपत्र बाहक अपांगता भएका व्यक्तिहरुलाई मासिक रुपमा प्रोत्साहन भत्ता उपलब्ध गराउने नीति अबलम्बन गरिनेछ ।

१७७. सामाजिक सुरक्षा भत्ता नवीकरण, घटना दर्ता सप्ताह कार्यक्रम र अपाङ्गता परिचयपत्र वितरण लगायतका कार्यक्रमलाई प्रभावकारी बनाउन प्रचारप्रसार अभियान सञ्चालन गरिनेछ ।

१७८. सामाजिक सुरक्षा तथा पञ्जीकरण कार्यहरुलाई एम.आई.एस. प्रणालीमा अद्यावधिक गरी प्रभावकारी बनाउन एम.आई.एस. अपरेटर तथा फिल्ड सहायकहरुलाई पारिश्रमिक महंगी भत्ता उपलब्ध गराईने छ ।

१७९.दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुको लागि उद्यमशिलता तालिम र सेतो छडी वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८०.सुस्तश्रवण, दृष्टिविहिन र अपाङ्गता भएका व्यक्तिहरुको लागि श्रोत कक्षा घरमा आधारित कक्षा सञ्चालन गराईने छ । नगरमा सांकेतिक भाषा (दोभाषे) को दरबन्दी व्यवस्था गरिने छ ।

१८१.बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापन तथा शिक्षण प्रणालीलाई सुनिश्चित गरिने छ ।

१८२. अपाङ्गता भएका महिलाका अधिकार सवाल तथा नीतिगत कानूनी व्यवस्था विषयका क्षेत्रमा क्षमताविकास तथा क्रियाशील गराईनेछ ।

१८३. अपाङ्गता भएका व्यक्तिहरुका लागि सीप विकास तालिम सञ्चालन गरी स्वरोजगार र आत्मनिर्भर गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८४. सबै सरकारी कार्यालयहरुका भवनलाई अपांगमैत्री बनाउन सहकार्य र समन्वय गरिनेछ ।

**सामाजिक परिचालन तथा गैरसरकारी संस्था समन्वय**

१८५. टोल विकास संस्थालाई विकास निर्माण, समुदाय परिचालन, सामाजिक परिचालन, सामाजिक अभियान सञ्चालन, वातावरण संरक्षण र राजश्व संकलन समेतमा परिचालन गरी थप सुदृढ बनाइनेछ ।

१८६. टोल विकास संस्थाहरुलाई नगरको आधारभूत र समुदाय तहको सहयोगी संरचना र वडाको अङ्गको रुपमा स्थापित गरी क्षेत्राधिकारबाहिरका कार्य गर्ने संस्थालाई खारेज गर्ने नीति लिइनेछ ।

१८७. भाषा, कला र संस्कृतिको संरक्षण, सम्वद्र्धन गर्नका लागि विशेष भाषा, जातीय भेषभुषा र संस्कृतिको जर्गेना गर्ने गरी कार्यक्रमहरु ल्याइनेछ ।

१८८. बुटवलभित्रका बैक तथा वित्तीय संस्था, सहकारी, लघुवित्त, बीमा कम्पनी र सामाजिक संघसंस्था, क्लबहरुले सामाजिक उत्तरदायित्वअन्तरगतका कार्यक्रम गर्दा बुटवलभित्र गर्न अनिवार्य गर्दै एकद्वार प्रणालीबाट व्यवस्थित गरिनेछ ।

१८९. गैरसरकारी संस्थाको दर्ता, सूचीकृत, नविकरण, विघटन, खारेजी नियमन कार्यलाई व्यवस्थित गरिने छ । कार्यक्रममा दोहोरोपना नहुने गरी उद्देश्य, गतिविधि र अनुभव समेतलाई दृष्टिगत गर्दै प्रस्तावको माध्यमबाट सहकार्य गरिनेछ ।

१९०. विभिन्न जातजाति, समूह, वर्गहरुको परम्परा, संस्कृतिको पहिचान गरी जातीय र भाषिक पहिचान दिने परम्परागत उत्पादनलाई प्राथमिकता दिदै संरक्षण र प्रर्वद्धन गर्दै लगिनेछ । बुटवललाई छुवाछुतमुक्त नगरका रुपमा स्थापित गर्न सचेतनामूलक बोर्डहरु राख्ने तथा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१९१. नगरको हितलाई केन्द्रमा राखेर राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग आवश्यकताअनुसार समन्वय र सहकार्य तथा भगिनी सम्बन्ध स्थापित गरिने छ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन**

१९२. शिवनगरमा रहेको गौशालाको व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै बुटवल १२ चारपाला सामुदायिक वनमा बहुउदेश्यीय कामधेनु गौशाला तथा अन्य आवश्यक स्थानमा गौशाला स्थापना गरिनेछ । साथै, नवलपरासीको बर्दघाटदेखि दाङसम्मका सडकमा रहेका छाडा पशु चौपायाहरुको व्यवस्थापनका लागि गाई राष्ट्रिय निकुञ्ज निर्माण गर्न लुम्बिनी प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारहरुसँग समन्वय गरिनेछ ।

१९३. योगीकुटीदेखि चिडियाखोलासम्म, रामनगरदेखि तामनगरसम्म, बेलबास-बेथरी सडक, तामनगर-शुद्धोधन सडकलाई उज्यालो र हरियाली सडकका रुपमा सौन्दर्यीकरण गरिनेछ ।

१९४. एक सामुदायिक वन-एक पोखरी, एक पार्क निर्माणको अभियानलाई निरन्तरता दिइनेछ ।

१९५. राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँग सहकार्य गर्दै चुरे संरक्षण गर्दै चुरे पहाडका कारण उत्पन्न विपद् न्यूनीकरण गर्न र विपद्का कारण हुने क्षति कम गर्न पहल गरिनेछ । जलवायु परिवर्तनका कारण देखा परेका समस्याहरु न्यूनीकरणका लागि जलवायु अनुकुलनका कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

१९६. ज्योतिनगर, मिलनपथ, पाखापानी, लक्ष्मीनगरजस्ता स्थानको पहिरोको अल्पकालीन र दीर्घकालीन व्यवस्थापन गरी जोखिम न्यूनीकरण गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

१९७. तिनाउ जलाधार संरक्षणलाई निरन्तरता दिदै बुटवलबासीको हितमा हुने कार्यलाई प्राथमिकता दिइने छ । तिनाउ नदीमा जलचरको संरक्षण गर्ने उदेश्यले नदीमा फोहोर फाल्ने, ढल मिसाउने कार्य र प्रदुषणजन्य गतिविधिलाई निरुत्साहित गरिनेछ ।

१९८. नगरलाई हरित शहरका रुपमा स्थापित गर्न एक घर तीन रुखको नीति लिई आवश्यक अनुदान उपलब्ध गराइनेछ । साथै, घरनक्शा बनाउँदा अनिवार्य रुपमा हरियाली प्रवद्र्धन गर्ने गरी आवश्यक स्थान छुट्याउनुपर्ने व्यवस्था मिलाइनेछ ।

१९९. जितगढी किल्लाको पूर्वतर्फ तिनाउ नदीको किनारमा आरती केन्द्र स्थापना गरी तिनाउ सभ्यतालाई प्रवद्र्धन गरिने छ ।

२००. नदी प्रभावित क्षेत्रलाई सुरक्षित बनाउन तटबन्ध कार्यक्रम र पहिरो प्रभावित क्षेत्रमा रोकथामजस्ता जोखिम न्यूनीकरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०१. पूर्वाधार विकास निर्माण तथा समुदायलक्षित कार्यक्रमका लागि सामुदायिक वनहरुसँग सहकार्य गरिने छ ।

२०२. वन, वातावरण तथा विपदसम्बन्धी कानून तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२०३. विपद न्यूनीकरण तथा प्रकोप व्यवस्थापनका लागि आवश्यकताअनुसार स्थानीय आपतकालीन सेवा केन्द्र (एलईओसी) लाई थप व्यवस्थित गरिनेछ ।

२०४. विपद उद्धार कार्यमा संलग्न हुने अग्नि नियन्त्रक तथा उद्धारकर्मीको क्षमता विकास गरिने छ ।

**कृषि तथा पशुपंक्षी विकास**

२०५. कृषिमा उत्पादकको मागः नगरको साथ, कृषि विकास, "के पाइन्छ होइन, के चाहिन्छ" भन्ने नीति अवलम्बन गरिने छ ।

२०६. कृषि बाली उत्पादन गरिरहेका जग्गा, बाँझो जग्गा तथा कृषि योग्य जग्गाको अधिकतम सदुपयोग गरी नविनतम कृषि प्रविधिको हस्तान्तरण, व्यवसायीकरण सहित कृषि उत्पादन उत्पादकत्व वृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०७. कृषि पेशालाई मर्यादित पेशाको रुपमा अगाडि बढाउँदै मागमा आधारित, उत्पादनमा आधारित प्रोत्साहन तथा अनुदान कार्यक्रम मार्फत् खाद्य सुरक्षा तथा हरियाली प्रवद्र्धन कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२०८. सहरी क्षेत्रमा स्वस्थ बाली उत्पादन कार्यक्रमका लागि कौशी, करेसाबारी, पुष्प खेती तथा जैविक मल उत्पादन प्रशोधन बजारीकरणका कार्यक्रम सञ्चालनमा प्रोत्साहन गरिनेछ ।

२०९. कृषक, कृषक समूह तथा अन्य सघसंस्थाको समन्वय तथा सम्भाव्यताको आधारमा एक वडा एक बाली उत्पादन, पकेट विकास कार्यक्रम सञ्चालन मार्फत कृषि क्षेत्रलाई स्वरोजगारको आकर्षण क्षेत्र बनाईने छ ।

२१०. कृषक, कृषक समूह, सहकारीहरुलाई कृषिमा आर्कषित गर्न प्राङ्गारिक खेतीका लागि जैविक मल, खाद्यान्न बालीको प्रजनन, मूल तथा उन्नत बीउको खरीद मूल्यमा अनुदान र जग्गा भाडामा लिई कृषि कार्य गर्नेलाई जग्गा भाडामा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

२११. उत्पादित कृषि वस्तुको संकलन, प्रशोधन, सञ्चय र ढुवानी आदि कार्य गर्ने कार्यका लागि प्रदेश र संघ सरकारको सहकार्यमा कृषि थोक एवं हाट बजार स्थापना, व्यवस्थापन गर्न आवश्यक सहयोग तथा सहजीकरण गरिने छ ।

२१२. कृषि योग्य भूमि तथा सार्वजनिक जग्गालाई कृषि जन्य उत्पादन प्रयोगमा ल्याउन बोरिङ्ग, उचित सिंचाई व्यवस्थापन, माटो जाँच, बाली उपचार शिविर सञ्चालन तथा सुहाउँदो बाली क्षेत्र विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।

२१३. बुटवल–१५ सेमलारमा आधुनिक कृषि उपज संकलन केन्द्र निर्माण गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।

२१६. विदेशबाट फर्किएर कृषि पेशालाई मूल पेशा बनाएका किसानहरुलाई प्रोत्साहन गर्न सम्मान गरिनेछ । विपन्न वर्गका किसानलाई आधुनिक उपकरण तथा हातेट्याक्टर खरिदमा प्रोत्साहन गरिनेछ ।

२१४.रेबिज रोग नियन्त्रणका लागि कुकुरको बन्ध्याकरण तथा घरपालुवा कुकुरहरुको अभिलेखीकरण गरी आवश्यक व्यवस्था गरिनेछ ।

२१५. पशुपंक्षी विकासमा पशु स्वास्थ्य कार्यक्रम र पशुनश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१६. पशुपंक्षी पालन कृषक पहिचान तथा पशुपंक्षीजन्य तथ्यांक संकलन र निरन्तर अध्यावधिक गरिने छ ।

२१७. बुटवललाई दुग्ध उत्पादनमा अग्रणी बनाउन किसानहरुलाई अनुदानमा भैसीका पाडी तथा गाई वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१८. नगरभित्र मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्न बाँदर, बँदेल, नीलगाईलगायतको नियन्त्रण तथा व्यवस्थापनमा जोड दिइनेछ । घाइते भएका पशु तथा वन्यजन्तुको उपचारका लागि उपचार केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

२१९. पशु बधशालाको सेवा विस्तार तथा सेवा प्रवद्र्धनका लागि विपन्न वर्गका व्यवसायीलाई स्वच्छ मासु बिक्री केन्द्र स्थापनाका लागि अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

**उद्योग, वाणिज्य तथा पर्यटन प्रवद्र्धन**

२२०. बुटवललाई उत्कृष्ट पर्यटकीय विश्रामस्थलका रुपमा स्थापित गर्न कालिकापथ, ट्राफिक चोक, अमरपथ र अन्य आवश्यक स्थानमा रात्रीकालीन बजार सञ्चालन गरिनेछ । रात्रीकालीन बजार सञ्चालन गर्दा स्थानीय परम्परा, संस्कृतिलाई प्राथमिकता दिदै आन्तरिक तथा बाह्य पर्यटन प्रवद्र्धन गर्न प्रोत्साहित गरिनेछ ।

२२१. 'घुमौं बुटवल' भन्ने अभियानअन्तरगत यसै आर्थिक वर्षलाई बुटवल भ्रमण वर्ष घोषणा गरी आन्तरिक र बाह्य पर्यटकको आगमनलाई वृद्धि गर्नका लागि अभियानहरु सञ्चालन गरिनेछ । पर्यटकीय स्थलहरुको पहिचानलाई व्यापक बनाउनका लागि आवश्यक स्थानमा डिजिटल डिस्प्ले र प्रचार सामग्रीहरु निर्माण गरिनेछ ।

२२२. स्थानीय जातिय पहिचानमा आधारित परम्परागत तरिकाले चलिआएका घरेलु मदिरा उत्पादनलाई वैधानिकता दिदै गुणस्तर र मापदण्ड तय गरी बजारीकरण गर्न प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

२२३. निजी क्षेत्रका उद्यमीहरुलाई प्रोत्साहन गर्ने, नवप्रवर्तन तथा नवीनतम प्रविधिको उपयोगका क्षेत्रलाई प्रवद्र्धनको नीति लिइनेछ । स्थानीय उत्पादनलाई प्रवद्र्धन गर्न बुटवलभित्रका सरकारी कार्यालय तथा उपमहानगरपालिकाले गर्ने कार्यक्रममा प्राथमिकता दिइनेछ ।

२२४. बुटवललाई पर्यटकीय विश्रामस्थलको रुपमा स्थापित गर्न बुटवलदेखि मुक्तिनाथ, लुम्बिनी, बाँके-बर्दिया राष्ट्रिय निकुञ्ज, सुपादेउराली, रेसुंगा, पाल्पा, चितवन, त्रिवेणी, रिडी, भैरवस्थान, रानीमहल, आलमदेवी, सेतीवेणीजस्ता पर्यटकीय स्थलहरुसम्मको यात्रा तथा बुटवल–चितवन–पोखरा त्रिकोणिय पर्यटन प्रवद्र्धनका लागि आवश्यक अभियान सञ्चालन गरिने छ ।

२२५. बुटवलका महत्वपूणर् पर्यटकीय स्थलहरु जितगढी किल्ला, युद्ध संग्रहालय, पूरानो बुटवल क्षेत्र, मणिमुकुन्दसेन उद्यान, हिलपार्क, मिलनपार्क, पिस पार्क, सिद्धबाबाधाम, मुक्तिनाथधाम, निलकण्ठबाबाधाम, नरैनापुरधाम, बैठौलिया ताल, वाटरपार्क, थारु संग्रहालय, भैरव पार्क, पाणिनी पार्क, लक्ष्मी पार्कलगायत अन्य ऐतिहासिक, धार्मिक, सांस्कृतिक पर्यटकीय स्थलहरुमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । बुटवल–नुवाकोट क्षेत्रमा पैदलमार्ग निर्माण गरी शिवपार्कको रुपमा स्थापित गरिनेछ । कणर्ेल उजिरसिंह पार्क तथा रामापिथेकस पार्क निर्माण तथा हिलपार्कमा बुद्ध मूर्ति स्थापनाका लागि पहल गरिनेछ ।

२२६. बुटवलमा पर्यटकीय गतिविधि चलायमान गराउन बुटवलका पर्यटकीय स्थलहरुको वृत्तचित्र निर्माण, नगर परिचय गीत, मायाको चिनो तयार गर्नेजस्ता पर्यटकीय स्थलहरुको प्रवद्र्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । साथै, बुटवललाई उपयुक्त विश्रामस्थलको रुपमा विकास गर्दै पर्यटक आगमनलाई बढावा दिन टुर गाईड उत्पादन गरी पर्यटन व्यवसायी तथा सरोकारवालाहरुलाई प्रोत्साहन गरिनेछ ।

२२७. बुटवलको पहिचान र पर्यटन प्रवद्र्धन गर्न विभिन्न स्थानमा कणर्ेल उजिरसिंह र मणिमुकुन्दसेनको शालिक स्थापना गरिनेछ । साथै, मुख्य सडक क्षेत्रमा रहेका शालिकहरु उचित स्थानमा व्यवस्थित गरी नगरको सौन्दर्यीकरणलाई प्राथमिकतामा राख्न सम्बन्धित पक्षसँग समन्वय गरिनेछ ।

२२८. पर्यटकीय स्थलहरुको प्रवद्र्धनका लागि सम्पदा सूची तयार गरी फोटो पुस्तक, ट्राभल गाईड, पर्यटकीय स्थलहरुको परिचय पुस्तक तथा अनलाईन पोर्टल सञ्चालन गरिनेछ ।

२२९. आन्तरिक पर्यटन प्रवद्र्धन, स्थानीय कला संस्कृतिको संरक्षण गर्दै पर्यटन प्रवद्र्धन मार्फत आर्थिक उपार्जनलाई जोड दिईनेछ । बुटवलमा सञ्चालन भएका केवुलकारलाई थप व्यवस्थित गर्ने र पर्यटन प्रवद्र्धनमा सहकार्य गर्ने नीति लिइने छ ।

२३०. आन्तरिक तथा बाह्य पर्यटन र व्यापार व्यवसायमा प्रभाव पार्ने गरी बुटवलमा आयोजना हुने राष्ट्रिय तथा अन्तरराष्ट्रिय कार्यक्रमहरुलाई प्रवद्र्धन गर्ने नीति लिइनेछ । उद्योगी व्यवसायीहरुका लागि राहतकोषको स्थापना गरिनेछ ।

**रोजगार प्रवद्र्धन तथा सहकारी**

२३१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनामा लाग्ने निर्माण सामग्री/औजारहरु तथा आयोजनामा लाग्ने श्रमिकको ज्यालामा साझेदारी गरि कार्यक्रम लाइ थप सशक्त बनाइनेछ ।

२३२. रोजगार सेवालाई थप सुदृढीकरण गर्न सञ्चालित श्रम शाखालाई व्यवस्थित गर्दै नियमित रुपमा रोजगारदाता र रोजगारको खोजी गर्नेहरुका बीचमा सम्बन्ध स्थापित गर्न आवश्यक नीति अबलम्बन गरिने छ ।

२३३. सुरक्षित वैदेशिक रोजगारमा जान इच्छुक व्यक्तिहरुका लागि सचेतना कार्यक्रम गरिनेछ । वैदेशिक रोजगारीमा गएका परिवारहरूका लागि वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श दिइनेछ ।

२३४. परम्परागत सीपहरु आरनलाई आधुनिकीकरण गर्न विशेष व्यवस्था गरी माटोका भाँडा बनाउने, डोको नाम्लो बुन्ने, ढकिया बनाउनेजस्ता सीपको प्रवद्र्धन मार्फत रोजगारी सिर्जना गर्दै उद्यमी बन्न चाहनेलाई अनुदानसहित उत्प्रेरित गरिनेछ । मकै पोल्ने, सालको पात बेच्ने, गिट्टी कुट्ने, इरिक्सा चलाउने महिलाहरुलाई प्रोत्साहन गर्न आवश्यक नीति लिइने छ ।

२३५. सीप र क्षमता विकासका लागि माग भएअनुसारको जनशक्ति उत्पादन तथा खपतका लागि रोजगारदाता र रोजगारीको खोजी गर्नेहरुका बीचमा समन्वय गर्ने र स्थानीय योजना तथा आयोजनाहरु निर्माण गर्दा नगरभित्रै उत्पादन भएको जनशक्तिलाई उपयोग गर्न प्राथमिकता दिने नीति लिइनेछ ।

२३६. मेयर युवा इलम कार्यक्रम मार्फत युवाहरूका लागि रोजगारी सिर्जना गर्न कार्यक्रम सञ्चालन गरिने छ ।

२३७. वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरुको सीप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ । बुटवल क्षेत्रमा श्रम स्वीकृति नलिई कार्यरत रहेका श्रमिकहरुलाई श्रम स्वीकृति लिन अनिवार्य गर्ने र करको दायरामा ल्याउन पहल गरिनेछ ।

२३८. आवश्यकता अनुसार सहकारी संस्था नभएका वडाहरुमा बहुउद्देश्यीय सहकारी संस्था र बचत तथा ऋण सहकारी संस्था बाहेकका सहकारी संस्था दर्ता गरिने छ ।

२३९. सहकारी संस्थाहरुको एकीकृत लगानीमा सस्तो पसल, कृषि उत्पादन बिक्री केन्द्र, कोशेली घर, स्थानीय तथा रैथाने सामग्री बिक्री केन्द्र, स्वच्छ मासु बिक्री केन्द्र र शीतभण्डार गृहहरु सञ्चालनका लागि सहकार्य गर्ने नीति लिइनेछ ।

२४०. सहकारी संस्थाका पदाधिकारी, शेयर सदस्य र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम, गोष्ठी, अन्तरक्रियाहरु सञ्चालन गरी नेतृत्वदायी भूमिकालाई अगाडि बढाइनेछ ।

२४१. सहकारी संस्था सम्बन्धी आवश्यक पर्ने स्थानीय ऐन, कानुन, नियमावली, नीति, मापदण्ड निर्माण र संस्थाको कार्यान्वयन तथा नियमन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

२४२. उपमहानगरपालिकाभित्र कार्य क्षेत्र भएका एकै प्रकृतिका सहकारी संस्थाहरु बीच एकीकरण गर्ने नीति लिइनेछ ।

२४३. सर्वसाधारणको बचत जोखिम न्यूनीकरणका लागि सरोकारवालाहरुसँगको सहकार्यमा आवश्यक नीति तर्जुमा गरिनेछ ।

२४४. संघ र प्रदेशमा दर्ता भई बुटवलभित्र कार्यालय स्थापना गर्ने सहकारीहरुलाई व्यवस्थित गर्नका लागि अनिवार्य सूचीकृत हुने व्यवस्था गरिनेछ । सहकारी क्षेत्रको बेथिति र ठगी रोक्नका लागि सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२४५.सहकारीसम्बन्धी ऐन तथा मापदण्ड आवश्यकताअनुसार परिमार्जन गर्न सरोकारवालासँग छलफल तथा परामर्श गरिनेछ ।

## भू-उपयोग तथा भूमि व्यवस्था

२४६. मालपोत कार्यालय र नापी कार्यालयको सहकार्यमा बुटवल उपमहानगरपालिका क्षेत्र भित्र नापी गर्न बाँकी रहेका जग्गाहरुकोे नापी कार्य सम्पन्न गरी डिजिटल नापी नक्शा तयार गरिनेछ ।

२४७. नगर क्षेत्रका सार्वजनिक जग्गाको पहिचान तथा लगत तयार गरी संरक्षण गर्न वडा र समुदायलाई थप जिम्मेवार र सक्रिय बनाइनेछ ।

२४८. नगर क्षेत्र भित्रका ब्लक जग्गाको जग्गाधनी पूर्जा वितरण तथा अव्यवस्थित बसोवास प्रमाणीकरणको व्यवस्था मिलाइने छ ।

२४९. तिनाउ दानव करिडोर निर्माण तथा दैवी प्रकोपबाट विस्थापित भएका घर धनीहरुलाई स्थानान्तरण गर्न जग्गा पहिचान गरी जनता आवास कार्यक्रम तथा एकीकृत बस्ती विकास कार्यक्रम मार्फत् बसोवासको व्यवस्था मिलाउन पहल गरिनेछ ।

२५०. नगर क्षेत्रभित्र रहेको अव्यवस्थित बसोबासमा आधारभूत सेवालाई थप व्यवस्थित गर्न पूर्वाधार विकास सेवा शुल्क राजश्व परामर्श समितिको सिफारिस बमोजिम लागू गर्ने व्यवस्था मिलाइने छ ।

२५१. नगर क्षेत्रभित्र रहेका भूमिहीन दलित/सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको राष्ट्रिय भूमि आयोगले तोकेबमोजिम लगत संकलन, नाप नक्शांकनको प्रक्रिया अगाडि बढाई जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउन पहल गरिनेछ ।

२५२. सार्वजनिक जग्गा संरक्षणलाई प्राथमिकतामा राख्दै आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२५३. बुटवलमा लामो समयदेखि समस्याको रुपमा रहेको सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि राष्ट्रिय भूमि आयोगसँग समन्वय गरी जग्गा नापजाँच गरी लालपूर्जा वितरणको कार्यलाई निरन्तरता दिइनेछ । हालसाविकको प्रक्रियालाई निरन्तरता दिइनेछ ।

२५४. तिनाउ दानव कोरिडोर निर्माण गर्दा विस्थापित हुने घरहरु, वडा नं. १ र ५ मा तिनाउ नदीमा निर्माण हुने सिग्नेचर ब्रीज, बुटवल १ मस्जिद अगाडिका विस्थापित १६ घरहरु, बुटवल ११ सिरानगाउँ मजुवामा पक्की पुल निर्माण गर्दा विस्थापित भएका ७ घर, ज्योतिनगर पहिरोबाट विस्थापित हुन सक्ने

बुटवल वडा नं. ३ र ४ का घरहरुलगायत, बेलबास बेथरी सडकबाट विस्थापितहरु र चिडियाखोलामा विस्थापितहरुलाई व्यवस्थापन गर्न प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरी बसोबासको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

२५५. मोतीपुर औद्योगिक क्षेत्रमा देखिएको जग्गासम्बन्धि समस्या समाधान गरी स्मार्ट औद्योगिक क्षेत्र निर्माण गर्नका लागि पहल गरिनेछ । औद्योगिक क्षेत्रभित्र फोहोर प्रशोधन केन्द्र, कबाड सिटी र सरसफाई पार्क निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

२५६. अव्यवस्थित क्षेत्रका बसोबासीहरुलाई सूचीकृत गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२५७. कोदाले, बिटौरी, आँकडा र उखडाजस्ता जग्गाहरुको समस्या पहिचान गरी समाधानका लागि पहल गरिनेछ ।

**पूर्वाधार विकास तथा नक्सा**

२५८. नगरभित्रका सडकहरुको सौन्दर्यीकरण गर्दै सुरक्षित बनाउन रोड मार्किङ्ग गर्ने र ट्राफिक लाईट जडान गर्ने तथा अन्य आवश्यक व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । सडक क्षेत्रहरुलाई सुरक्षित बनाउनका लागि क्याट आई, ट्राफिक सूचना बोर्ड, तीब्र गति नियन्त्रणजस्ता कार्यमा जोड दिइनेछ । पूराना पोलहरु हटाउने र तार हटाउन अभियान सञ्चालन गरिनेछ ।

२५९. बहुवर्षीय योजनाहरु आवश्यकताका आधारमा कार्यान्वयन गरिनेछ । एक वडा एक पहिचान कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ ।

२६०. उज्यालो बुटवल कार्यक्रमअन्तरगत मुख्य मुख्य चोकहरुमा हाइमास्ट लाईट तथा भित्री सडक र गल्लीहरुमा स्मार्ट स्ट्रिट लाईट थप गर्ने र व्यवस्थित गर्ने नीति लिइनेछ । हाइमास्ट लाईटका पोलहरुमा डिजिटल बोर्ड राखी विज्ञापन कर संकलन गर्ने र सो करबाट प्राप्त रकममध्ये ३० प्रतिशत सडक बत्तीको महसुल भुक्तानीमा खर्च गरिनेछ भने बाँकी रकम विकासका क्षेत्रमा लगानी गरिनेछ । नगरका अन्य आवश्यक स्थानमा वैकल्पिक उर्जाको व्यवस्था गरिनेछ । सडकबत्तीको विद्युत महसुल भुक्तानीका लागि टोल टोलमा मिटर राखी थप व्यवस्थापन गर्ने नीति अबलम्बन गरिनेछ ।

२६१. संघ तथा प्रदेश सरकारबाट नगर क्षेत्रभित्र सञ्चालित विकास आयोजनाहरुको कार्यान्वयनमा सहजीकरण गरिने छ ।

२६२. पूर्वाधार विकाससँग सम्बन्धित सडक, यातायात, कृषि, सिंचाई, खेल पूर्वाधार, खानेपानी, ढल निकास, पर्यटन पूर्वाधार, सरकारी विद्यालय, क्याम्पस शैक्षिक पूर्वाधार, स्वास्थ्य पूर्वाधार, फोहर व्यवस्थापन पूर्वाधार कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिईनेछ ।

२६३. पार्किङ्ग स्थल/पार्किङ्ग बिल्डिङ्ग, सपिङ्ग कम्प्लेक्स भवनजस्ता सम्भावित क्षेत्रहरुमा निजी क्षेत्र र साझेदार संस्थासँग सहकार्य गरी सार्वजनिक निजी साझेदारी परियोजनाहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

२६४. मुख्य बजार क्षेत्रमा फुटपाथ निर्माणलाई प्राथमिकतामा राखिनेछ र सडक क्षेत्राधिकार ३० फिटभन्दा माथिका फराकिला नमूना सडकहरुमा नाली सहितको फुटपाथ निर्माण गर्ने नीति लिइने छ । सडकहरुको लगत कट्टा गर्ने नीति अबलम्बन गरिनेछ ।

२६५. वडा नं. १४ देखि १९ मा कृषि, पशुपालन तथा हरियाली प्रवद्र्धनसँग सम्बन्धित पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरी ग्रीनसिटी तथा एग्रो टुरिजमको अवधारणामा जोड दिइनेछ । वडा नं. १४ देखि १९ जग्गाको वर्गीकरणका कारण राजश्वमा जनगुनासो रहेकाले समस्या समाधानका लागि आवश्यक नीति अबलम्बन गरिनेछ ।

२६६. आफ्नै वडा कार्यालय नभएका वडाहरुमा भवन निर्माण गरी सेवाप्रवाहलाई थप व्यवस्थित बनाइनेछ । वडा नम्बर ११ लाई विभाजन गरी आवश्यकताअनुसार वडा थप गरिनेछ ।

२६७. नगरमा ठूला पूर्वाधार विकास दीगो, वातावरणमैत्री, अपाङ्गमैत्री, बालमैत्री, लैगिंक मैत्री बनाइनेछ ।

२६८. वडा नं ११ स्थित देवीनगरमा वी.पी. कोईराला, पुष्पलाल श्रेष्ठ र सूर्य प्रसाद प्रधानको स्मृतिमा शालिक सहित पार्क निर्माणको कार्य सम्पन्न गरिनेछ ।

२६७. विभिन्न जातजाति, धर्म संस्कृतिको जगेर्नाका लागि धार्मिक आस्थाका धरोहरहरु मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्चको संंरक्षण तथा सम्बद्र्धन गरिने छ ।

२६८. वडा नं. ३, ४, ६, ७ र ८ हुँदै बग्ने सुखौरा खोला व्यवस्थित गरि हरियाली सहित पैदल मार्ग निर्माणका लागि सम्बन्धित क्षेत्रका बासिन्दाहरुको समन्वय र संघीय तथा प्रदेश सरकारको सहकार्यमा कार्यान्वयन गर्न पहल गरिने छ ।

२६९.नगर क्षेत्र भित्रका अति व्यस्त सडकहरु (श्रवणपथ, मैत्रीपथ, अमरपथ, राम मन्दिर लाइन, संगमपथ) मा ट्राफिक व्यवस्थापनका लागि सम्बन्धित क्षेत्रका नगरबासी, व्यवसायी संगठनहरु र ट्राफिक कार्यालयको समन्वयमा एकतर्फी सवारी सञ्चालन गरिने छ ।

२७०. वडा नं. १२ स्थित चारपाला सामुदायिक वन उपभोक्ता समुहको क्षेत्रमा स्थापना हुने मानिक विश्वविद्यालय भवन निर्माण स्थल सम्मको पहँुच सडक, खानेपानी, विद्युत जस्ता पूर्वाधार निर्माण कार्यमा आवश्यक सहयोग गरिने छ ।

२७१. सडक बत्ती व्यवस्थापनको कार्य वडा कार्यालयको समन्वय र निर्देशनमा टोल विकास संस्थाले गर्ने व्यवस्थालाई प्रभावकारी बनाईनेछ । आवश्यकताअनुसार मिटर जडान तथा व्यवस्थापनलाई टोलविकास संस्थामार्फत गरिनेछ ।

२७२. बुटवलको खानेपानी आपूर्ति सम्बन्धी समस्यालाई दीर्घकालन समाधान गर्न बुटवल (झुम्सा) खानेपानी आयोजना सञ्चालन गर्न पहल गर्ने र वडा नं. ६, ७ र ८ मा रहेका बोरिङ्गहरुलाई एकीकृत गरी हिलपार्कमा निर्माणाधीन ओभरहेड टंकीबाट वितरण गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

२७३. ऐतिहासिक बटौली क्षेत्रमा रहेका परम्परागत धार्मिक एवं पूरातात्विक सम्पदाहरुको संरक्षणका लागि विकास साझेदारहरुसँगको सहकार्यमा गुरुयोजना तयार गरी संघीय तथा प्रदेश सरकारको सहकार्यमा कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।

२७४. वडा भेला तथा वडा कार्यालयहरुबाट सिफारिस भइ आएका सबै योजनाहरुको प्रोजेक्ट बैंक बनाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न अधिकतम पहल गर्ने नीति लिइने छ ।

२७५. जितगढी किल्लाको संरक्षण गर्दै जितगढी युद्ध संग्रहालय व्यवस्थित गरी सञ्चालनमा ल्याइने छ ।

२७६. बुटवल उपमहानगरपालिका र आसपासका नगरहरु तिलोत्तमा, तिनाउ, ओमसतिया, सिद्धार्थनगर, देवदह, लुम्बिनी सांस्कृतिक नगरपालिका तथा अन्य नगर तथा गाउँपालिकाहरुसँग समन्वय र सहकार्य गर्दै यस क्षेत्रलाई महानगर र मेगा सिटीको रुपमा विकास गर्न आवश्यक आधार तयार गरिनेछ ।

२७७.नगरक्षेत्र भित्रका सडकहरुमा स–साना खाल्टाखुल्टी पुरी आवतजावतमा सहजता ल्याउने गरी नगरप्रमुख पूर्वाधार एम्बुलेन्सका रुपमा सञ्चालन गर्न आवश्यक उपकरणहरु खरिद गरी उपयोगमा ल्याइनेछ । बुटवल–२ मैनाबगरको रामघाट र बुटवल १५ र १६ को कर्साघाटलाई व्यवस्थित गरिनेछ ।

२७८. सहभागितामा आधारित कार्यक्रमहरुको लागत सहभागिता सम्बन्धी नीतिमा समयानुकुल परिवर्तन गरी जनसहभागितामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

(क) नयाँ नाली तथा पक्की सडक निर्माण कार्यका लागि तिनाउ नदी पूर्वका वडाहरुमा ३० प्रतिशत, वडा नम्वर १२ र १३ मा २५ प्रतिशत र वडा नं १, २ र ११ को तिनाउ पश्चिमको भाग तथा वडा नम्वर १४ देखि १९ सम्मका वडाहरुमा २० प्रतिशत

(ख) सडक ग्राभेल, मर्मत सम्भार तथा अन्य आयोजनाहरुमा १५ प्रतिशत

(ग) सार्वजनिक महत्वका क्षेत्रहरु धार्मिक, शैक्षिक, खेलकुद, कृषि, विद्युत, सामुदायिक भवन, तटबन्ध, जस्ता कार्यमा १० प्रतिशत

(घ) अति विपन्न, सीमान्तकृत बस्ती भएका क्षेत्र, फोहर व्यवस्थापन, छाडा चौपाया व्यवस्थापन, हरियाली प्रवद्र्धन, प्रकोप नियन्त्रण जस्ता कार्यमा वडा कार्यालयको सिफारिसमा न्यूनतम ५ प्रतिशतमा नघट्ने गरी पूर्वाधार विकास समितिको निणर्य सिफारिस बमोजिम हुनेछ ।

२७९. सहभागितामा आधारित कार्यक्रमहरुलाई प्रोत्साहन प्रदान गर्र्न पहिलो आउनेलाई पहिलो प्राथमिकता दिई सडक निर्माण (नगरपालिकाबाट ३० र उपभोक्ताबाट ७० प्रतिशत लागत सहभागिताको योजनालाई) प्राथमिकता दिइनेछ ।

२८०. प्राथमिकताका आधारमा आयोजना, कार्यक्रम तथा क्रियाकलाप छनोट गर्ने र हरित उत्थानशील तथा समावेशी विकास अवधारणालाई समेत प्राथमिकताका आधारमा समावेश गरिनेछ ।

२८१. मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइने छ । आवधिक योजनालाई आवश्यकताअनुसार मध्यकालीन समीक्षा गरिने छ ।

२८२. जितगढी किल्ला, युद्ध संग्रहालय, रामापिथेकस पार्क, मणिमुकुन्दसेनको ग्रीष्मकालीन दरबारजस्ता महत्वपूणर् स्थानलाई नगरको गौरव सम्पदाका रुपमा प्रवद्र्धन गरिनेछ ।

२८३. नगरका सबै सडकहरुको आवश्यकताअनुसार स्तरोन्नति गरिनेछ । नगरभित्रका मुख्य चोकहरु (राजमार्ग चौराहा, अस्पताल लाईन र ट्राफिक चोक) मा वर्षायाममा ओभरफ्लो भएको पानीलाई तिनाउ नदीमा निकास दिने गरी व्यवस्थापन गरिनेछ ।

२८४.सामुदायिक विद्यालयहरुका संरचनाहरुलाई परामर्शदाताबाट अध्ययन गराई भूकम्प प्रतिरोधात्मक बनाउनका लागि विपद् प्राधिकरणसँग सहकार्य गरी सबलीकरण गरिनेछ ।

२८५. नगरविकास कोषसँग सहकार्य गरी लुम्बिनी बस टर्मिनल क्षेत्रभित्र व्यवस्थित पार्किङ भवन, व्यावसायिक कोशेली भवन र बुटवल ४ मा बहुउदेश्यीय भवन निर्माण गरिनेछ ।

२८६. बुटवल उपमहानगरपालिकाको पूरानो भवनलाई प्रभावकारी प्रयोग गर्न बुटवल बजारमा रहेको अव्यवस्थित पार्किङलाई व्यवस्थित गर्न र व्यावसायिक क्षेत्रलाई प्रवद्र्धन गर्न विस्तृत अध्ययन गरी साझेदार संस्था र दातृ निकायहरुसँगको सहकार्यमा आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

२८७. बुटवल ५ को हाटबजारमा आधुनिक भूमिगत पार्किङ तथा व्यावसायिक भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

२८८. घर नक्शा पास गर्नका लागि प्रयोगमा ल्याइएको विद्युतीय भवन अनुमति प्रणाली (ईबीपीएस) लाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि पेपरलेस, पेनलेस, मोबाइल एप र डिजिटल सिग्नेचरको उपयोग गरी डिजिटल भुक्तानीको सेवाप्रदान गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ । घरनक्शा पास गर्ने प्रक्रियालाई सहज बनाउनका लागि आवश्यक कार्य गरिनेछ ।

२८९. भूमिगत पार्किङसहितको भवन निर्माण गर्न प्रोत्साहन गरी नक्सापासमा भूमिगत पार्किङको शतप्रतिशत राजश्व छुट दिइने छ । साथै, १६ तल्लासम्मका बहुतल्ले भवन निर्माणका लागि प्रोत्साहन गरिनेछ ।

२९०. नगरको भौगोलिक सूचना प्रणाली (जीआइएस बेस्ड हाउस नम्बरिङ) को इकाई गठन गरिनेछ । साथै, वडा नंं १४ देखि १९ मा अध्ययन प्रक्रिया बढाई घर नम्बर दिने प्रबन्ध मिलाईनेछ ।

२९१. बुटवल उपमहानगरपालिकाको भवन निर्माण सम्बन्धि मापदण्ड २०७७ लाई नेपाल सरकारको भू–उपयोग नीति अनुरुप वर्गीकरण गरिनेछ । भवन निर्माणमा संलग्न निर्माण व्यवसायीलाई अनिवार्य रुपमा सूचीकृत गरी भवन निर्माण प्रक्रियालाई जिम्मेवार र व्यवस्थित बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

२९२. बुटवल उपमहानगरपालिका भित्र रहेका पूराना भवनहरुको नक्शा अभिलेखीकरण गर्न निश्चित समय थप गरी घरनक्शालाई व्यवस्थित गरिनेछ ।

२९३. बुटवल उपमहानगरपालिका भित्र अव्यवस्थित बसोबासीमा रहेका लालपूर्जाविहिन घरहरुको सूचीकृत गरी व्यवस्थित गरिनेछ ।

२९४.बुटवल ७ र ८ को मुख्य राजमार्ग क्षेत्रको उत्तरतर्फ अन्दाजी २६ बिगाहा जग्गामा नयाँ बसपार्क निर्माणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

२९५.बुटवलको लुम्बिनी बस टर्मिनल क्षेत्रमा १६ तलेसम्मको भवन निर्माणका लागि सम्भाव्यता अध्ययन तथा निर्माण गरिनेछ ।

२९६. बुटवलको राजमार्ग चौराहा र अस्पताल चोकमा चारतिर जाने आकाशे पुल निर्माणका लागि पहल गरिनेछ ।

२९७. बसपार्कबाट सडक डिभिजनतर्फ तथा लुम्बिनी प्रादेशिक अस्पताल र अस्पतालको उत्तरतर्फको खाली जमीनमा फ्लाईओभर ब्रिज निर्माणका लागि पहल गरिनेछ ।

**अन्त्यमा,**

उपप्रमुख, प्रमुख प्रशासनीय अधिकृत तथा नगर सभाका सदस्यज्यूहरु,

र उपस्थित कर्मचारी एवम् सञ्चारकर्मी महानुभावहरु,

हामीले अबलम्बन गरेको नीतिलाई आर्थिक वर्ष २०८१।०८२ मा लागू गर्न सबैले आआफ्नो क्षेत्रबाट सकारात्मक भूमिका निर्वाह गरी समानता, स्वाभिमान र अवसर–बस्नयोग्य बुटवल शहर भन्ने मूल नीतिलाई कार्यान्वयन गर्न सहयोग हुने अपेक्षा गरेको छु ।

हामीले बुटवल उपमहानगरपालिकालाई सबैको सहयोग र सद्भावबाट साझा संस्थाको रुपमा स्थापित गर्न चाहन्छौं । बुटवल हामी सबैको हो र हामी जनप्रतिनिधि बुटवलबासीका सेवक हौं भन्ने कुरालाई आत्मसाथ गरी यहाँहरुकै सेवामा खटिएका छौं ।

म यस सम्मानित सभामार्फत् बुटवलबासी आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुले माया, प्रेम र सद्भावका साथ अत्यन्त विश्वास गरेर हामीलाई निर्वाचित गर्नुभएको हो भन्ने कुरालाई सधै मनमष्तिष्कमा राखेर काम गरिरहेको कुरा अनुरोध गर्न चाहन्छु ।

प्रस्तुत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने कार्यक्रम र बजेट नगरसभाको आगामी बैठकमा प्रस्तुत हुने व्यहोरा जानकारी गराउँदै हरेक पल, हरेक क्षण हाम्रो ध्यान बुटवलको विकास र समृद्धिकै लागि हुनेछ र त्यसका लागि दिलोज्यानले प्रयास गरिरहने प्रतिबद्धता जनाउन चाहन्छु ।

बुटवलको उन्नति र प्रगतिका निम्ति सहकार्य गर्नुहुने सम्पूणर् महानुभावहरुलाई पुनः हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सकारात्मक र रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दै सधै बुटवलको सेवकका रुपमा रहेर जनताप्रति उत्तरदायी हुने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद

जय नेपाल ।

२०८० असार ५ गते ।

खेलराज पाण्डेय

प्रमुख, बुटवल उपमहानगरपालिका

बुटवल, रुपन्देही ।